

आयो गीत... पृष्ठ ६

शनिबारको

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक २२३, काठमाडौं, शनिबार ९ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Saturday 23 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-


# २३ वर्षपछि उपाधि

**रामसूदन तिमल्सिना/काठमाडौं**

नेपाली फुटबल टोलीले २३ वर्षपछि अन्तर्राष्ट्रिय उपाधि हात पारेको छ। बंगलादेशको ढाकामा शुक्रबार सम्पन्न बंगबन्धु गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा बहराइन यू-२३ टिमलाई ३-० ले हराउँदै नेपालले २३ वर्षपछि इतिहास रचेको हो । जितसँगै नेपालले पहिलो पटक बंगबन्धु गोल्डकपको उपाधि चुमेको छ। सन् १९९३ मा बंगलादेशको ढाकामा भएको दक्षिण एसियाली खेलकुदको फुटबलतर्फ स्वर्ण जितेयता नेपालले अहिलेसम्म कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताको उपाधि जितेको थिएन । फिफा वरीयतामा ७५औं स्थानमाथि रहेको बहराइनको दोस्रो रोजाइको टिम यू-२३ लाई पराजित गर्दै नेपाली टिमले विवादित बनेको नेपाली फुटबलमा सकारात्मक सन्देश पनि सञ्चार गरेको छ । फुटबल इतिहासमा नेपालले उपाधि जितेको यो तेस्रो अवसर हो । नेपालले यसअघि दक्षिण एसियाली देशसँग मात्र खेलेर उपाधि जितेको थियो । यस पटक दक्षिण एसियालीभन्दा बाहेकको राष्ट्रलाई पराजित गर्दै उपाधि हात पारी ऐतिहासिक जित दर्ता गरेको छ ।

नेपालले उपाधिसँगै ५० हजार अमेरिकी डलरको पुरस्कार पनि जितेको छ। उपविजेतामा सीमित हुन पुगेको बहराइनले २५ हजार डलर पुरस्कारमा चित्त बुझाउनुपरेको छ । नेपालले २०१३ मा बहराइनको यू-२३ टिमसँग मान्मामा खेलको मैत्रीपूर्ण खेलमा ३-० को हारको बदलासमेत शुक्रबार बंगबन्धु गोल्डकपमा लियो । नेपालका लागि विमल घर्ती मगरले गोलको खाता खोलेका थिए । उनले खेलको चौथो मिनेटमा नै गोल गर्दै नेपाललाई अग्रता दिलाएका थिए । ८७औं मिनेटमा अन्जन केसीको पासमा विशाल राईले नेपालका लागि दोस्रो गोल थपे । अतिरिक्त समयमा सेमिफाइनलमा माल्दिभ्सविरुद्ध ह्याट्रिक गरेका नेपाल आर्मीका नवयुग श्रेष्ठले हेडमार्फत गोल गर्दै नेपाललाई ३-० को जित दिलाए । त्यसो त नेपाल १७ वर्षपछि औपचारिक फुटबल प्रतियोगिताको फाइनलमा गरेको पनि यो नै पहिलो अवसर हो । सन् १९९९ को दक्षिण एयिाली खेलकुदमा नेपाल फाइनलमा पुगेको थियो । बंगबन्धु गोल्डकपका सबै खेलमा नेपाल अपराजित रह्यो । लिग चरणमा नेपालले फेल्डा र बंगलादेशसँग गोलरहित बराबरी खेलेको थियो भने भारतमा भएको साफमा हारेको बदला लिँदै श्रीलंकालाई १-० ले हराउँदै नेपालले सेमिफाइनलमा स्थान बनाएको थियो । सेमिफाइनलमा नेपालले अर्को समूहको विजेता माल्दिभ्सलाई नवयुग श्रेष्ठको ह्याट्रिकको ४-१ ले हराउँदै फाइनलमा बहराइनको यू-२३ टिमसँग भिड्ने निश्चित गरेको थियो । शारीरिक रूपमा उत्कृष्ट रहेको आक्रामक बहराइनविरुद्ध नेपाली केही खेलाडी चोटग्रस्त भए पनि ऐतिहासिक जित दिलाउन सफल भएका छन् । अन्तिम समयमा खेलमा तनाव भएको थियो । बहराइन नौ खेलाडीमा सीमित भएको थियो भने नेपाल १० खेलाडीमा सीमित हुन पुग्यो । नेपालका गोलरक्षक विकेश कुथूले फाइनल खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दै राम्रो बचावट गरेका थिए ।

यो जितसँगै म्याच फिक्सिङ र २१ वर्ष एन्फाको नेतृत्वमा रहेका गणेश थापाको प्रतिबन्धको प्रकरणका कारण आलोचित हुन पुगेको नेपाली फुटबललाई युवा खेलाडीले नयाँ उत्साह थपिदिएका छन् । सन् १९९३ मा नेपालले दक्षिण एसियाली खेलकुदको फुटबलमा स्वर्ण जित्दा नेपाली टिमका मुख्य प्रशिक्षक बालगोपाल महर्जन र गोलकिपिङ प्रशिक्षक उपेन्द्रमान सिंह टिममा थिए । (बाँकी पृष्ठ ३ मा)



*बंगलादेशको ढाकामा शुक्रबार सम्पन्न बंगबन्धु गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा बहराइन यू-२३ टिमलाई ३-० ले हराउँदै उपाधि जित्न सफल नेपाली टोलीका कप्तान विराज महर्जन र प्रशिक्षक बालगोपाल महर्जनलाई ट्रफी प्रदान गर्दै बंगलादेशकी प्रधानमन्त्री सेख हसिना ।* **तस्बिर : एजेन्सी**

## प्रधानमन्त्रीले दिए बधाई



**काठमाडौं/रास-** प्रधानमन्त्री केपी शर्मा ओलीले बंगलादेशमा शुक्रबार सम्पन्न बंगबन्धु गोल्डकपको उपाधि जित्न सफल भएकोमा नेपाली टिमलाई बधाई दिएका छन् । प्रधानमन्त्रीका प्रेस संयोजक चेतन अधिकारीले शुक्रबार साँझ विज्ञप्ति जारी गरी सो जानकारी दिएका हुन् ।

बहराइनको यू-२३ टिमलाई ३-० को जित हासिल गरेर नेपाली टिमले सफलता हात पारेकोमा प्रधानमन्त्री ओलीले खेलाडीलाई बधाई ज्ञापन गरेको अधिकारीले जनाएका छन् । प्रधानमन्त्री ओलीले खेल प्रशिक्षकलाई पनि बधाई दिएका छन् । '२३ वर्षपछि अन्तर्राष्ट्रिय फुटबलमा प्राप्त यो सफलताप्रति नेपाल सरकार र व्यक्तिगत तर्फबाट पनि प्रधानमन्त्रीले बधाई दिनुभएको छ,' प्रेस संयोजक अधिकारीले जारी गरेको प्रेस नोटमा भनिएको छ ।


राष्ट्रपति : आम महिलाको प्रतिबिम्ब – पृष्ठ ४





# संशोधन मिलाउन कांग्रेस-एमालेको टोली

### मोर्चा समेटेर विधेयक पारित गर्ने कसरत

**राजधानी समाचारदाता/काठमाडौं**

प्रमुख तिन दलले आन्दोलनरत मधेसी मोर्चालाई समेट्ने गरी संविधान संशोधन विधेयक पारित गर्ने कसरत थालेका छन् । संशोधन विधेयकमाथि शुक्रबारबाट दफावार छलफल सकिएलगत्तै तिन दलले मोर्चाको माग र भावना समेटिने गरी विधेयक पारित गर्ने कसरत अघि बढाएका हुन् । व्यवस्थापिका संसद्को आज (शनिबार) बस्ने बैठकबाट संशोधन विधेयक पारित गर्ने प्रक्रिया सुरु हुनेछ ।

संसद्मा परेका २४ ओटा संशोधन प्रस्तावमध्ये उपयुक्त प्रस्तावलाई समेटेर संशोधन विधेयक पारित गर्ने गृहकार्यका लागि प्रमुख दल कांग्रेस र एमालेले दुई दलीय संयुक्त कार्यदल नै बनाएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको एमाले शीर्ष नेता तथा कांग्रेस पदाधिकारी सहभागी बैठकले त्यसका निम्ति छुट्टै समिति बनाएको हो ।

कार्यदलमा एमालेको तर्फबाट उपप्रधानमन्त्री तथा पार्टी उपाध्यक्ष भीमबहादुर रावल, संसदीय दलका प्रमुख सचेतक भानुभक्त ढकाल तथा कानुनमन्त्री अग्नि खरेल छन् । त्यस्तै, कांग्रेसको तर्फबाट नेताहरू विमलेन्द्र निधि, महेश आचार्य र डा. मीनेन्द्र रिजाल छन् ।

संयुक्त टोलीलाई मोर्चाका थप माग सम्बोधन हुने गरी संशोधन विधेयकमाथि परेका संशोधन प्रस्तावहरू अध्ययन गरी छुट्टै मस्यौदा तयार गर्ने जिम्मेवारी दिइएको छ । टोलीले शुक्रबारबाटै गृहकार्य थालेको छ । 'संविधान कार्यान्वयनको चरणमा दुई दलबिच अभिव्यक्तिमै फरक देखियो,' बैठकपछि एमाले उपाध्यक्ष रावलले भने, 'त्यसैले, दुई दलबिच समझदारी निर्माण गर्दै एमाओवादीसमेतको सहमतिमा संविधान संशोधन विधेयक पारित गर्ने सहमति भएको छ ।'

दुई दलको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधन विधेयकमाथि परेका संशोधनबाट सकेसम्म मोर्चालाई समेत मान्य हुने गरी छुट्टै प्रस्ताव पारित गर्न सकिने प्रस्ताव गरेका थिए । संविधान संशोधनका लागि दुई पार्टी मिल्नुको विकल्प नभएको प्रधानमन्त्री ओलीको धारणा थियो ।

(बाँकी पृष्ठ ३ मा)

# कांग्रेस संस्थापनबाटै तिन आकांक्षी



**भुवन शर्मा/काठमाडौं**

फागुनमा हुने नेपाली कांग्रेसको १३औं महाधिवेशनमा संस्थापन पक्षबाट सभापतिमा वर्तमान सभापति सुशील कोइराला, उपसभापति रामचन्द्र पौडेल र महामन्त्री कृष्ण सिटौला तिनै जनाले उम्मेदवारी दिने गरी भित्रभित्रै तयारी सुरु गरेका छन् ।

१२औं महाधिवेशनमा एक पटकका लागि मात्र सभापति बन्ने बताएका कोइरालाले पुनः उम्मेदवारी दिने/नदिने विषयमा केही बोलेका छैनन् । तर, कोइरालानिकट नेताहरूले भने उनले पुनः उम्मेदवारी दिने बताउँदै आएका छन् । केही दिनयताका सार्वजनिक कार्यक्रममा कोइरालाले आफूले पुनः उम्मेदवारी दिने संकेत गर्न थालेका छन् ।

उपसभापति पौडेलले आफू पछि फर्कन नै नसक्ने गरी अघि बढिसकेको बताउँदै आएका छन् । उनले संस्थापन पक्षका नेताहरूसँग निर्णायक छलफलसमेत थालिसेकका छन् ।

सभापतिमा उम्मेदवारी दिने घोषणा गरेका पौडेलले झापाबाट काठमाडौं फर्केलगत्तै सभापति कोइरालासँग निर्णायक कुराकानी गर्ने भएका छन् । पौडेल शनिबार बिहान काठमाडौं फर्कंदै छन् । उनले सम्भव भएसम्म शनिबार साँझ, नभए आइतबारसम्म कोइरालासँग निर्णायक कुराकानी गर्ने पौडेलनिकट नेताहरूले बताएका छन् । सभापति कोइरालासँगको छलफलमा संस्थापन पक्षका शीर्ष नेताहरू महामन्त्री प्रकाशमान सिंह, अर्का महामन्त्री सिटौला, केन्द्रीय सदस्यहरू शशांक कोइराला, शेखर कोइरालालगायतका नेताहरू उपस्थित हुनेछन् । शेखर कोइराला शनिबार भैरहवाबाट काठमाडौं फर्कंदै छन् ।

पौडेलनिकट स्रोतका अनुसार पौडेलले संस्थापन पक्षका नेताहरू, त्यसमा पनि कोइराला परिवारभित्रका शशांक, शेखर र संस्थापन पक्षसँग निकट मानिएका महामन्त्री सिंहलाई समेटेर टिम बनाउने प्रयास गरेका छन् । सो टिममा सुजाता कोइरालालाई समेत समेट्ने प्रयास पौडेलले गर्ने भएका छन् । 'संस्थापन पक्षको नेतृत्व गर्दै पौडेलले सभापतिमा उम्मेदवारी दिने निश्चितझैं भएको छ,' पौडेलनिकट नेता मधु आचार्यले राजधानीसँग भने । पौडेल र खुमबहादुर खड्काबिच पनि यस विषयमा एक दुई चरणमा छलफल भइसकेको छ । खड्काले नयाँ दिल्लीबाट काठमाडौं फर्केको एक सातामै पौडेलसँग कुराकानी गरेका थिए । तर, खड्का शेरबहादुर देउवाको क्याम्प छाडेर संस्थापन पक्षमा जाने सम्भावना नभएको खड्कानिकट नेताहरू बताउँछन् ।

(बाँकी पृष्ठ ३ मा)

# यसरी ठग्छ आयल निगम

## ३९ रूपैयाँ ९४ पैसामा किनेर ९९ रूपैयाँमा बिक्री

**शिव दुवाडी/काठमाडौं**

सरकारी स्वामित्वको नेपाल आयल निगम (एनओसी) ले उपभोक्तामाथि खुलेआम ब्रह्मलुट मच्चाउँदै आएको पाइएको छ । एकपछि अर्को गरी दर्जनौं शीर्षकमा खर्च देखाउने र त्यसले पनि नपुगेर सीमावर्ती बजारमा भन्दा नेपाली बजारमा इन्धनको मूल्य सस्तो हुन नहुने भन्ने झुटो प्रचारबाजी गरेर निगम र त्यसको उच्च नेतृत्व वर्षौंदेखि उपभोक्ता ठग्न तल्लीन देखिएको पाइएको हो ।

यसरी उपभोक्तामाथि ब्रह्मलुट गरेर आर्जन गरेको मुनाफालाई निगम नेतृत्वले ऋण तिर्ने नाममा बोनस बाँड्ने र अन्य विभिन्न कार्यमा खर्चिने गरेको तथ्य पनि खुलेको छ। नेपाल आयल निगमका कार्यकारी निर्देशक गोपाल खड्काले भारतीय आयल कर्पोरेसन (आईओसी) बाट प्राप्त मूल्यका आधारमा नेपालमा मूल्य तय गरिँदै आएको दाबी गरे । भारतीय आयल कर्पोरेसनबाट प्रत्येक महिनाको १ र १५ तारिखमा नयाँ मूल्यसूची आउने गर्दछ । विश्व बजारमा कच्चा तेलको मूल्यमा उल्लेख्य रूपमा कमी आइरहेको भए पनि नेपालमा भने त्यसअनुसार मूल्य समायोजन भएको छैन । किन मूल्य समायोजन भएन त भन्ने जिज्ञासामा खड्का भने निगमलाई ऋणमुक्त गराउने र निगमकै पूर्वाधार विकासमा सघाउ पुऱ्याउने उद्देश्यले बाह्य बजारअनुरूप मूल्य समायोजन नगरिएको दाबी गर्छन् । इन्धनको मूल्य उच्च रूपमा घट्दा समेत नघटाई बिक्री गर्दै आएको निगमले सरकारीबाहेक अन्य सबै ऋण चुक्ता गरिसकेको खड्काले बताए । उनका अनुसार सरकारसँग लिएको १२ अर्ब ६४ करोड भने तिर्न बाँकी छ । यसमा निगमले निजी क्षेत्रका बैंकमा जसरी चर्को ब्याज तिर्नुपर्दैन ।

निगमका नायब कार्यकारी निर्देशक सुशील भट्टराई निगमले परल मूल्यलाई भन्दा पनि भारतीय सीमावर्ती बजारको मूल्यलाई आधार मानेर नेपालमा मूल्य निर्धारण गर्ने गरेको बताए । उपभोक्तालाई चरम रूपमा ठगेर नाफा कमाई कर्मचारीलाई बोनस बाँड्ने खेल खेलिएकोमा उनले यसलाई भने स्वाभाविक प्रक्रियाअनुसार भएको दाबी गरे । कुनै पनि संस्थानले नाफा कमाएपछि त्यसमा बोनस छुट्ट्याउनैपर्ने उनको तर्क छ । तर, निगमले नाफा कमाएको पृष्ठभूमि र प्रक्रियातर्फ भने उनी फर्कन चाहेनन् । पछिल्लो समयमा आयल निगमले ९० करोड रुपैयाँ बोनसका लागि छुट्ट्याएको छ ।

एनओसीको तथ्यांकअनुसार उसले रक्सौलमा खरिद गर्ने प्रतिलिटर पेट्रोलको मूल्य ३९ रुपैयाँ ९४ पैसा, डिजेलको ३३ रुपैयाँ ५७ पैसा, मट्टीतेलको ३८ रुपैयाँ ८४ पैसा, हवाई इन्धनको ३७ रुपैयाँ ९३ पैसा र एलपी ग्याँसको प्रतिसिलिन्डर १ हजार ६३ रुपैयाँ पर्दछ ।

(बाँकी पृष्ठ ३ मा)

## छोटकरी

### आन्दोलन कडा बनाउने निर्णय

**बारा/रास–** संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा बारा र पर्साको सम्पन्न संयुक्त बैठकले जारी मधेस आन्दोलन सशक्त बनाउने निर्णय गरेको छ।

बाराको बहुअरी गण्डकस्थित मधेस सेवा आश्रममा मोर्चाको बारा र पर्सा संयुक्त बैठकले यातायात, बजार, शैक्षिक संस्थालगायतका क्षेत्र पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको छ।

मोर्चाको केन्द्रीय निर्णयअनुसार शिक्षण संस्था खुला गरी विद्यार्थीको पठनपाठन भइरहेको थियो भने अब मोर्चाको स्थानीय निर्णयअनुसार शिक्षण संस्था पनि बन्द हुने भएको छ।

यस्तै मोर्चाको स्थानीय निर्णयअनुसार आन्दोलन केही खुकुलो गरी यातायात, बजारलगायतका क्षेत्र खुला गरिएको थियो। तर मोर्चाको बारा पर्साको संयुक्त बैठकले अब यातायात, बजार, उद्योगलगायतका सबै क्षेत्र पूर्ण रूपमा बन्द गरी आन्दोलन झन् सशक्त रूपमा अगाडि बढाउने निर्णय सार्वजनिक भएको छ।

मोरङको रंगेलीमा भएको घटनाले कलैया, वीरगन्जका साथै मधेसका सदरमुकाम एवं सहरी क्षेत्रमा आन्दोलन शुक्रबार कडा बनाइएको थियो। रंगेली घटना नेकपा एमाले निकटको युवा संघ नेपाल र सरकारको संयुक्त योजनामा घटेको आरोप बैठकले लगाएको छ।

### आन्दोलन उग्र बन्दै

**वीरगन्ज/रास–** संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आन्दोलन उग्र बनाउने प्रयास स्वरूप बजार, पसल र सवारी बन्द गराएका छन्।

बिहीबार मोरङको रंगेलीमा आन्दोलनकारीमाथि दमन भएको भन्दै आक्रोशित बनेका आन्दोलनकारीले वीरगन्जमा पनि आन्दोलन उग्र बनाउने प्रयास गरेका हुन्। केही दिनयता सुस्त बनेको आन्दोलन उग्र बनाउने प्रयासमा आन्दोलनकारीले सशस्त्र सीमा सुरक्षा प्रहरी बल वीरगन्जका प्रहरी उपरीक्षक चढेको गाडी र नेपाल टेलिकममा समेत क्षति पुऱ्याएका छन्। प्रदर्शनका कारण शुक्रबार दिनभर वीरगन्ज बजार र यहाँबाट चल्ने छोटो दूरीका सवारीसमेत बन्द भए। प्रहरीले पाँचजनालाई पक्राउ गरेको छ। मोर्चा पर्साका प्रचारप्रसार संयोजक सलाउद्दीन अहमदले प्रहरीले आफ्ना कार्यकर्तालाई नियन्त्रणमा लिएको बताए।

# पश्चिम तराईमा चिसोले बिजोग

**सुदीप अधिकारी/बर्दिया**



पश्चिम तराईका बाँके, बर्दिया, कैलाली र कन्चनपुरलगायतका जिल्लामा माघयता निकै चिसो बढेको छ। माघ महिना सुरु भएयता बढेको चिसोले पश्चिम तराईको जनजीवन निकै कष्टकर भएको छ। चिसोसँगै शीतलहर चल्न थालेपछि यहाँका सर्वसाधारण अत्तालिएका छन्।

एक साताअघि साँझ र बिहानमा मात्र केही चिसो हुने गरेको भए पनि माघदेखि चिसो ह्वात्तै बढ्यो छ। माघ २ गतेयता बाँके-बर्दियामा घाम देखिएको छैन। दिनभर शीतलहर चल्ने गरेको छ भने बिहानपख बाक्लो हुस्सु लाग्ने गरेको छ।

जल तथा मौसम विभाग फिल्ड कार्यालय नेपालगन्जका प्राविधिक रीता महतोले शुक्रबार बाँके बर्दियाको न्यूनतम तापक्रम ९ दशमलव ९ र अधिकतम १३ दशमलव ५ डिग्री सेल्सिएस रहेको जानकारी दिइन्। माघ ४ गते भने यहाँको न्यूनतम तापक्रम ३ दशमलव ६ डिग्री सेल्सिएस रहेको थियो।

पश्चिमी हावाका चिसो बढेको प्रविधिक महतोले बताइन्। अझै केही दिनसम्म चिसो रहन सक्ने अनुमान गरिएको छ। चिसो बढेपछि न्यानोका लागि ग्रामिण भेगका मानिसहरु दिनभर जसो आगो ताप्ने गर्छन। चिसोबाट बच्ने न्यानो कपडाको जोहो गर्न नसक्दा समस्या परेको सर्वसाधाराण बताउँछन्। चिसो बढेपछि बक्ला कपडा बेच्नेहरूको व्यापार भने बढेको छ। बजारमा न्यानो कपडा किन्नेको भीड लाग्ने गरेका छ।

चिसोका कारण अस्थायी शिविरमा बसेका बाढीपीडितको बिचल्ली भएको छ। मुक्तकमैया र सुकुम्बासी बस्तीका जनता पनि प्रभावित भएका छन्। चिसो सुरु भएयता आफूहरू राम्रोसँग निदाएको रामपुर टप्पुका बाढीपीडित गणेश खनाल बताउँछन्। शिविरका बुढाबुढीलाई शरीरमा न्यानो महसुस हुन नपाउँदै मरिन्छ कि भन्ने पिरलो परेको छ। शीत र हावा नछेक्ने झुपडीको साहरामा बस्दै आएका खुरखुरे फाँटाका राजी रातदिन कठ्याग्रिएर बस्न बाध्य भएको खुरखुरे फाँटाकी पार्वती राजीले बताइन्।

गत वर्ष गुलरिया नगरपालिकाले बजारका चोकचोकमा आगो ताप्न काठको व्यवस्था गरे पनि यसपालि भने अझै दाउदा वितरण गरेको छैन।

# चाँदबेला गाविस बालविवाहमुक्त घोषणा

**पवन अधिकारी/सुनसरी**

सुनसरी चाँदबेलाका सबु खातुङ र सन्जु हरिजन आफ्नो गाउँ वालविवाहमुक्त भएको हुँदा खुसी छन्। अधिकांश दलित समुदायको बसोवास रहेको चाँदबेला गाविसमा सानो उमेरमै विवाह हुनेको दर उच्च थियो।

आफूजस्तै साथीहरूको विवाह भई दुलाहाका घर गइसकेका साथीहरूको जीवन कष्टकर बनेको देखेका उनीहरूले गाविसको अभियानलाई सहयोग गरे र साथीहरू माझ जनचेतना फैल्याए।

गाउँका लागि बालविवाह मुख्य चुनौती बनेको चाँदबेलामा सानै उमेरमा विवाह गरेर पठाए राम्ररी घर गरी खान्छन् भन्ने जनविश्वास रहेको छ। सानै उमेरमा विवाह गर्ने परम्परा बनेको भए पनि त्यसको नराम्रो असर पर्ने र भविष्यमा जीविका चलाउन कठिन हुने अर्की बालिका मर्जिना खातुङ बताउँछिन्। उनका अनुसार सानै उमेरमा विवाह गरेर घर गएकाहरू शारीरिक र मानसिक रूपमा सक्षम नभएको हुँदा चाँडै धेरै सन्तान हुन्छन् र पछि स्वास्थ्यमा नराम्रो असर पुग्छ।

गलत परम्परालाई हटाउन आफ्ना अभिभावकलाई बुझाउनु कठिन थियो। तर, निरन्तरको प्रयास र गाविसको अभियानले सुनसरी जिल्लामै पहिलो पटक गलत परम्परा तोड्न सफल भएका उनीहरू अहिले हर्षित देखिन्छन्।

थारू, सतार, झाँगर, मुसरलगायतको बाहुल्य रहेको चाँदबेला गाविसको १२ सय ७९ घरधुरीमा ६ हजार ८ सय ९८ जनसख्या रहेको छ। कृषि पेसा र ज्याला मजदुरी गरी दैनिक गुजारा चलाउँदै आएका उनीहरूले बालविवाहकै कारण परिवारमा खटपट सुरु हुने, बहुविवाह हुने र विभिन्न शारीरिक समस्या भोग्नुपर्ने कुरा बुझ्न थालेका छन्।

समुदायमा वर्षौंदेखि चलिआएको गलत प्रथालाई जरैबाट निर्मूल पार्न अभिभावक मुख्य सचेत हुनुपर्ने जिल्ला बाल कल्याण समितिका अध्यक्ष जागदीशप्रसाद ओली बताउँछन्। बालविवाहमुक्त अभियानमा वर्ल्ड भिजन नेपालले प्राविधिक सहयोग गरेको छ।

कार्यक्रममा सुनसरीका प्रमुख जिल्ला अधिकारी रविलाल पन्थ, स्थानीय शान्ति समितिका संयोजक देवेन्द्र चौधरीलगायतले सुनसरी जिल्लालाई नै चाँडै बालविवाहमुक्त बनाइने र त्यसका लागि स्थानीयको साथ जरुरत रहेको बताए।

# दुई थान चितुवाको छालासहित १ सय ६४ हड्डी बरामद

**छत्र साउद/डडेल्धुरा**

क्षेत्रीय प्रहरी अनुसन्धान धनगढी र जिल्ला प्रहरी कार्यालय डडेल्धुराको प्रहरी टोलीले दुई थान चितुवाको छाला र विभिन्न १६४ प्रकारका हड्डी एकथान बन्दुकसहित एकजनालाई गिरफ्तार गरेको छ।

डडेल्धुरा जिल्लाको आलिताल गाविस वडा ९ मा लुकाइछिपाइ राखेको अवैध दुई थान चितुवाको छाला र विभिन्न १ सय ६४ प्रकारका हड्डी र एकथान भरुवा बन्दुक बरामद गरेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रहरी नायब उपरीक्षक विपिन कर्माचार्यले बताए।

घन्टेश्वर गाविस-१ का प्रेमबहादुर डाँगीलाई इलाका प्रहरी कार्यालय जोगबुडाले पक्राउ गरेका हुन्। आलिताल गाविस-२ बाडुलीबाट बरामद गरेको जिल्ला प्रहरी कार्यालय डडेल्धुरका प्रहरी प्रमुख विपिन कर्माचार्यले जानकारी दिएका छन्।

स्थानीय डम्बरबहादुर कार्कीको बाखाखोरमा लुकाइछिपाइ राखेको छाला र हड्डी क्षेत्रीय अनुसन्धान प्रहरी धनगढी र इलाका प्रंहरी कार्यालय डडेल्धुराको संयुक्त टोलीले विशेष सुराकीका आधारमा शुक्रबार बरामद गरेको हो।

अवैध छाला र हड्डीमा संलग्न डोटीको घन्टेश्वर गाविस-१ का प्रेमबहादुर डाँगीलाई इलाका प्रहरी कार्यालय जोगबुढाले पक्राउ गरी नियन्त्रण लिइएको डडेल्धुरा प्रहरी प्रमुख कर्माचार्यले बताए। सुदूरपश्चिममा पछिल्लो समय चोरी तस्करी नियन्त्रणमा प्रहरी सक्रिय भए पनि तस्करी भने मौलाउँदै गएको देखिन्छ।

डडेल्धुरा जिल्लाको भित्री मधेस क्षेत्रका आलिताल, जोगबुढा र शीर्ष क्षेत्र हुँदै सीमा क्षेत्रमा रहेको महाकाली नदीमा रातारात तस्करले वन्यजन्तुका अंग र चरेस तस्करीसमेत मौलाउँदै गएको स्थानीय बासिन्दाको गुनासो छ।

# एक सातामा नौ पक्राउ

**सुरेश पन्त/महेन्द्रनगर**

सुदूरपश्चिम क्षेत्रीय प्रहरी कार्यालय दिपायलबाट खटिएको क्षेत्रीय अनुसन्धान समूह (आरआईटी)ले राष्ट्रिय निकुञ्जले फरार सूचीमा राखेका वन्यजन्तुका अंग प्रत्यंगको चोरी सिकारी, ओसारपसार तथा तस्करीमा संलग्नलाई पक्राउ गर्ने अभियानलाई तीव्रता दिँदै गएको छ।

आरआईटी सुदूरपश्चिमको टोलीले गए एक साता नौजना लाई पक्राउ गरेको छ। अभियानअन्तर्गत आरआईटीले शुक्लाफाँटा वन्यजन्तु आरक्षका प्रमुख सरक्षण अधिकृतको इजलासबाट जरिवाना तथा कैद तोकिएका चारजनालाई पक्राउ गरेको छ।

आरआईटी सुदूरपश्चिमको टोलीले बेलौरी नगरपालिका-१ चानदेव र दोधारा-चाँदनी क्षेत्रबाट फरार वन्यजन्तुका तस्कर लाई पक्राउ गरेको बताइएको छ।

आरआईटी सुदूरपश्चिमका इन्चार्ज प्रहरी नायब निरीक्षक वीरेन्द्र जोहारीले आरक्षको इजलासले दोषी ठहर गरेका साविकको रामपुर-बिलासीपुर-९ का श्यामलाल राना र नचनिया भनिने शिवचरण रानालाई पक्राउ गरेको जानकारी दिए।

उनका अनुसार आरक्षले श्यामलाललाई गैंडाको खाग चोरी सिकारी तथा अखेटोपहार चोरी निकासी मुद्दामा १३ वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना तथा शिवचरणलाई सोही मुद्दामा १० वर्ष कैद तथा ५० हजार रुपैयाँ जरिवाना तोकेको थियो।

यस्तै आरआईटीले वन्यजन्तु चोरी सिकारी मुद्दामा ६ हजार जरिवाना तोकिएका दोधाराका पूर्ण काले भनिने अमरसिंह गुरुङ र चित्तल मारेको मुद्दामा १ हजार ३ सय जरिवाना तोकिएका चाँदनीका भोके पार्कीलाई पक्राउ गरेको छ।


नेपाल सरकार

**कर्णाली विकास आयोग, जुम्ला**

**पुन: आशयपत्र आह्वानको सूचना**

**पुनः प्रकाशित मितिः २०७२/१०/०९**

कर्णाली विकास आयोगको आ.ब. २०७२/०७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्णाली क्षेत्रको विकासका लागि **दश बर्षे कर्णाली विकास योजना** तयार गर्ने कार्यका लागि परामर्श सेवा खरिद गर्नु पर्ने भएको हुँदा उक्त सेवा प्रदान गर्न ईच्छुक फर्म वा संस्थाले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र प्राविधिक तथा आर्थिक प्रस्ताव सहित आशयपत्र (Expression of Interest) पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। आशयपत्रको लागि आवश्यक पर्ने कागजातहरु एवं Request for Proposal (RFP)/Terms of Reference (TOR) का साथै अन्य कुराहरुको सूचना आयोगको website: www.karnalidc.gov.np बाट Download गर्न वा हेर्न सकिने र अन्य कुरा बुझ्नका लागि निम्न ठेगानामा समेत सम्पर्क गर्न सकिने छ।

**ठेगाना**

कर्णाली विकास आयोग, जुम्ला, फोन नं. ०८७-५२०५७१

सम्पर्क कार्यालयः सिहदरवार, काठमाण्डौ, फोन नं. ०१-४२११०१८/९८४१३३५८४६


# प्रहरीमा बालबालिका सेल

**रामकुमार श्रेष्ठ/नवलपरासी**

नवलपरासीको इलाका प्रहरी कार्यालय सुनवलमा नेपालमै पहिलो पटक बालबालिका सेल अर्थात् बालबालिका सहायता कक्षा स्थापना गरिएको छ। यहां असईको नेतृत्वमा सेलको जिम्मा प्रदान गरिएको छ।

नेपालकै पहिलो बालमैत्री नगरपालिका भएको सुनवल नगरपालिकामा बालबालिकाले आफूमाथि भएको हिंसा तथा अन्यायका घटनाहरू आफैं आएर उजुरी गर्न सकून् भनेर बाल सहायता कक्षा स्थापना गरिएको इलाका प्रहरी कार्यालय सुनवलका प्रहरी निरीक्षक योगेन्द्र तिमिल्सिनाले बताए।

जिल्ला प्रहरी कार्यालयमा महिला सेल हुने गरे पनि इलाका प्रहरी कार्यालयमा बालबालिका सेल राखिएको नेपालमै यो नै एक मात्र हो।

सुनवल बालमैत्री नगरपालिका भएपछि यहां बालश्रमको अन्त्य बालबालिका हुने हिंसालगायतका बालबालिकामा हुने दुर्व्यहारको अन्त्यसमेत भएको छ।

बालबालिका सेल अर्थात् बालसहायता कक्षा स्थापना गरिएपछि यहां अहिलेसम्म बालबालिकाले कुनै उजुरी दिन भने नआएको इलाका प्रहरी कार्यालय सुनवलका प्रहरी निरीक्षक योगेन्द्र तिमिल्सनाले बताए।

बालबालिका आफैं आएर उजुरी गर्न सकून् भन्ने ध्येयले स्थापना गरिएको यस सेलमा बालबालिका आफैं आएर कुरा गर्न सकून भनेर प्रहरीले विद्यालय विद्यालयमा गएर जानकारी गराउने तयारीसमेत गरेको छ। जसका लागि प्रहरीले बालबालिकालाई विनापोसाकमा विद्यालयमै गएर प्रशिक्षणसमेत चलाउने तयारी गरेको छ।

सुनवल नगरपालिकाका कार्यकारी अधिकृत माधव ढुंगानाले बालमैत्री नगरपालिकाभित्र बालबालिकासम्बन्धी हिंसा घटेको पाइएमा बालबालिका आफैंले उजुरी गर्न सकून् भनेर नगरपालिकाको विशेष आग्रहमा बालबालिका सेल खोलिएको बताए।

### २३ वर्षपछि...

त्यतिबेला नेपालले ढाकाको बंगबन्धु रंगशालमा नै सो उपलब्धि हात पारेको थियो। संयोग नै मान्नुपर्छ, २३ वर्ष पनि नेपालले सोही रंगशालामा उपाधि उचाल्यो। फरक यति हो, त्यतिबेला उपेन्द्रमान सिंहले गोलपोस्ट सम्हालेका थिए भने यतिबेला उनी प्रशिक्षकका रूपमा छन्। १९९३ को फाइनलमा नेपालले भारतलाई टाई ब्रेकरमा ४-३ ले हराउँदै जित हासिल गर्दा बालगोपाल महर्जन टिमका सदस्य थिए।

### यसरी ठग्छ...

तर, निगमले उपभोक्ताबाट भने प्रतिलिटर पेट्रोल ९९ रुपैयाँ, डिजेल र मट्टीतेल ७५ रुपैयाँ, हवाई इन्धन आन्तरिकतर्फ १ सय ६४ रुपैयाँ ८८ पैसा र एलपी ग्याँस प्रतिसिलिन्डर १ हजार ४ सय रुपैयाँमा बिक्री गर्दै आएको छ।

सो तथ्यांकअनुसार निगमले खरिद गर्ने र बिक्री गर्ने मूल्यबिच दोब्बरभन्दा पनि निकै बढी रहेको देखिन्छ। यो अन्तर केलाउँदा प्रतिलिटर पेट्रोलमा ५९ रुपैयाँ ६ पैसा, डिजलमा ४१ रुपैयाँ ४३ पैसा, मट्टीतेलमा ३६ रुपैयाँ १६ पैसा, आन्तरिक हवाई इन्धनमा १ सय २६ रुपैयाँ ९५ पैसा र एलपी ग्याँसमा ३ सय ३६ रुपैयाँ ७८ पैसा फरक छ।

यसमध्ये निगमले सरकारी राजस्व ढुवानी भाडा, बिमा खर्च, मूल्य स्थिरीकरण कोष, प्रशासनिक एवं बिक्री खर्च, प्राविधिक नोक्सानी, ऋणमा ब्याज, ऋण भुक्तानी, पूर्वाधार विकास र बिक्रेता कमिसनलगायतका करको नाममा मनोमानी ढंगले रकम विनियोजन गर्ने गरेको छ।

यसरी रकम विनियोजन गरिसकेपश्चात् पनि निगमलाई प्रतिलिटर पेट्रोलमा ९ रुपैयाँ ५० पैसा, डिजेलमा ११ रुपैयाँ ३८ पैसा, मट्टीतेलमा १७ रुपैयाँ ६७ पैसा, आन्तरिक हवाई इन्धनमा ९० रुपैयाँ ९३ पैसा, बाह्य हवाई इन्धनमा १ सय ५ रुपैयाँ ८० पैसा नाफा छ। एलपी ग्याँसमा भने अझै प्रतिसिलिन्डर २ सय ४६ रुपैयाँ घाटा रहेको तथ्यांक निगमले देखाएको छ।

पछिल्लो समयमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल २९ अमेरिकी डलरको हाराहारीमा झरेको छ। हाल एनओसीले निजी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणसमेत तिरिसकेको हुनाले यस पटक ऋणको ब्याजमा यसअघि तिर्दै आएको शुल्क पनि घटेको छ।

यसअघि निगमले ब्याजबापत मात्रै प्रतिलिटर इन्धनमा साँढे ४ रुपैयाँसम्म उपभोक्ताबाट असुल गर्दै आएको थियो। निगमका अनुसार सामान्य अवस्थामा नेपालमा प्रतिमहिना २५ हजार किलोलिटर पेट्रोल, ७५ हजार किलोलिटर डिजेल, ३ हजार किलोलिटर मट्टीतेल, १० हजार किलोलिटर हवाई इन्धन र २२ हजार मेट्रिक टन एलपी ग्याँसको माग छ। त्यसमध्ये पछिल्लो समयमा मागको ३० प्रतिशतको हाराहारीमा मात्रै इन्धन आइरहेको नायब कार्यकारी निर्देशक सुशील भट्टराईले बताए। बजारमा प्रायः सबैजसो सवारी साधन सञ्चालनमा रहेको भए पनि ती सवारी साधनले प्रयोग गरेको तेल कहाँबाट र कसरी आयो भन्नेमा उनी बेखबर रहेको बताउँछन्।

निगम सञ्चालक समितिको गत साता बसेको बैठकले बोनसका लागि रकम विनियोजन गऱ्यो। घाटामा रहेको संस्थाले बोनस बाँड्न नपाउने भए पनि निगम सञ्चालक समितिले यसलाई पारित गरेको हो। स्रोतका अनुसार निगम ऋण मुक्त भइसकेपश्चात् यसलाई वितरण गर्ने गरी रकम विनियोजन गरिएको हो।

यसअघि बोनस बाँडेपछि निगमका तत्कालीन कार्यकारी निर्देशक सुरेशकुमार अग्रवालसहितका निगमका कर्मचारीलाई अख्तियारले कारबाही गरेको थियो। त्यसलाई समेत बेवास्ता गर्दै निगम सञ्चालक समितिले पुन: बोनस बाँड्ने खेलमा लागेको छ।

### संशोधन मिलाउन...

मोर्चाको माग सम्बोधनका लागि लचकताका साथ प्रस्तुत भएका प्रधानमन्त्री ओलीको प्रस्तावलाई कांग्रेस सभापति सुशील कोइरालालगायतका नेताहरूले समर्थन जनाएका थिए। तर, संयुक्त प्रस्तावमा सहमति नभए सरकारको तर्फबाट प्रस्तुत संविधान संशोधन विधेयकसम्बन्धी दुईबुँदे प्रस्ताव पारित गर्न पनि एमाओवादीसहित प्रमुख तिनै दल सहमत भइसकेका छन्। दुवै पार्टी संशोधन विधेयक पारित गर्न सहमत भएपछि एमाओवादीले पनि समर्थन जनाउने बताउँदै आएको छ।

संविधान संशोधनका सम्बन्धमा एकीकृत प्रस्ताव तयारीका लागि नेताहरूले शनिबार बिहानैबाट थप प्रयास गर्ने सहमति गरेका छन्। जनसंख्याका आधारमा निर्वाचन क्षेत्रको निर्धारण तथा समानुपातिक समावेशिता थप्नेबाहेक नागरिकता, न्यायपालिकालगायतका विषयमा मोर्चाले राख्दै आएका मागलाई विधेयकमाथि परेका संशोधन प्रस्तावबाट समेट्न सकिने प्रमुख दलको निष्कर्ष छ। तर, तराईमा दुई प्रदेश हुनुपर्ने मोर्चाको माग कुनै पनि हालतमा सम्बोधन गर्न नसकिने कांग्रेस र एमालेको निष्कर्ष छ।

### कांग्रेस संस्थापनबाटै ...

यसैगरी, पौडेलले अर्जुननरसिंह केसी र गगन थापासँग पनि छलफल गरिसकेका छन्। छलफलमा उनले आफूलाई सहयोग गर्न आग्रह गरेको स्रोतले बतायो।

महामन्त्री सिटौलाले औपचारिक रूपमा सभापतिमा उम्मेदवारी दिने घोषणा नगरे पनि तयारीलाई भने तीव्रता दिएका छन्।

सिटौलाले भ्रातृ तथा शुभेच्छुक संगठनका पदाधिकारीहरूसँग कुराकानी गरेका छन्। यसैगरी, विभिन्न जिल्लाका नेताहरूसँग पनि भेटघाट थालेका छन्।

स्रोतका अनुसार सिटौलाले संस्थापन पक्षसँग निकट मानिएका सुजाता, गगन थापालगायतका नेताहरूसँग कुराकानी गरिसकेका छन्।

उनले शेरबहादुर देउवानिकट केही नेतासँग पनि कुराकानी गरेका छन्।

गगन थापाले भने आफूले महामन्त्रीमा उम्मेदवारी दिने बताएका छन्। 'महामन्त्रीमा उम्मेदवारी दिने गरी मैले तयारी थालेको छ, यस विषयमा साथीभाइसँग छलफल गर्दै छु,' थापाले भने।

उनले कांग्रेसको पहिलो पुस्ताका तिन नेता सुशील, देउवा र पौडेलले आगामी महाधिवेशनबाट अभिभावकको भूमिका निभाउनुपर्ने र दोस्रो पुस्तामध्येबाट एक जनाले पार्टीको नेतृत्व लिनुपर्ने धारणा राखे।

'पहिलो पुस्ताको तिन नेताले अभिभावकको भूमिका निभाउनुपर्छ र दोस्रो पुस्तामध्ये कसैले पार्टीको नेतृत्व लिनुपर्छ भन्ने मेरो धारणा हो,' उनले भने।


**Madan Ashrit Memorial Technical School (MAMTS)**

Kageshwori Manahara Municipality-11, Gothatar, Kathmandu

***Invitation for Sealed Quotation***

Sealed Quotation No : MAMTS-SQ -4

Date of first Publication : 23 January 2016

1. MAMTS request the invitation of sealed quotation from registered firm/ company/ suppliers for construction, finishing and furnishing for following works. Technical specification can be obtained from sealed quotation.
   I) Construction, finishing and furnishing of Multi Purpose Hall – 1 (MAMTS SQ-4/072/73)

| S.N. | Description | Cost Estimate (including Vat) | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|
| 1 | Construction,Finishing and Furnishing of Multi Purpose Hall – 1 | 14,85,000.00 | 40,000.00 | |

2. Sealed Quotation Forms may be purchased by eligible Firm/Company/Suppliers on the submission of a written application and upon payment of a non-refundable fee of ***Rs.300.00.*** and separate document has to purchase **for S.N. I**
3. Sealed Quotations must be submitted to the above office on or before ***12:30 PM*** on 7 February 2016. Quotation received after this deadline shall not be accepted.
4. Quotations must be valid for a period of ***45 days*** after opening of Sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to minimum 2.5 % of the quoted amount (Included VAT/all Taxes) which shall be ***valid for 75 days*** after opening of the Sealed Quotations.
5. Sealed Quotation shall be opened in the presence of Suppliers' representatives who choose to attend at 7 February 2016 at ***2:00 PM*** at the office of MAMTS, Gothatar.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
7. MAMTS reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
8. **For Sealed quotation document purchase and submission**
   Madan-Ashrit Memorial Technical School
   Kageshwori Manahara-11, Gothatar, Kathmandu Telephone: 014991748

# राष्ट्रपति : आममहिलाको प्रतिबिम्ब



**रितु खड्का पाल**

राजा, राष्ट्रपति अनि प्रधानमन्त्री । यी पदले सामान्य नागरिकको दिनचर्या वा मनोविज्ञानमा कस्तो असर पार्ला ? यी पदमा प्रतिनिधित्व गर्ने व्यक्तिमा आममानिसले आफ्नोपन कसरी खोज्लान् ? नेपालको इतिहासमै पहिलो पटक राष्ट्रपतिमा महिला निर्वाचित भएपछि उनलाई हेर्ने दृष्टिकोणमा कस्तो भिन्नता आयो होला सर्वसाधारणमा ? यो आमचासोको विषय पनि हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीलाई चिन्नेहरूले एक तरिकाले बुझे, देखेकाहरूले एक तरिकाले बुझे भने नदेखेकाहरूले आफ्नै तरिकाले विश्लेषण गरे । राष्ट्रपति विद्यादेवी भण्डारी को हुन्, कस्ती छन् ? भन्ने प्रश्नको उत्तरका लागि मानिसहरूले उनलाई हेर्न कसैले इन्टरनेटमा सर्च गरे त कसैले समाचार च्यानलहरू हेरेर आफ्नो प्रश्नको उत्तर खोज्ने प्रयास गरे । तर, हामी विकासोन्मुख देशका सामान्य नागरिक हौं, जहाँ अझै धेरै मानिस अशिक्षित छन् भने धेरै नागरिक सूचनाको पहुँचमा छैनन् । तराई, पहाड र हिमाल मिलेर बनेको हाम्रो देशमा त्यसै किसिमका मानिसहरू आ-आफ्नो वेशभूषा र संस्कृतिमा बाँचेका छन् । ती हरेक शिक्षित, अशिक्षित मान्छेका लागि उनीहरूको सोचअनुसार नै राष्ट्रपति भण्डारी चिनिइन् ।

तैपनि प्रश्न उठ्छ, महिला राष्ट्रपति भण्डारी हरेक शिक्षित महिला तथा पुरुष र अशिक्षित महिला तथा पुरुष या ग्रामीण जनताका नजरमा समान रूपले चिनिइन् त ? यसको उत्तर विभिन्न घटनाक्रमले दिँदै आएका छन् । पुरुषहरूले जसरी चोकचोकमा मैनबत्ती बालेर स्वागत गरे, जसरी महिलाहरूले उत्सव मनाएर स्वागत गरे, जसरी सर्वसाधारणको मनमा पनि खुसी देखियो, त्यो नै थियो माथिको प्रश्नको उत्तर । धेरैले स्वागत गरे, केहीले गरेनन् ।

सबैले सकारात्मक रूपमै लिए पनि भन्न सकिन्नँ । यसको ज्वलन्त उदाहरण हामीसामु देखिइसकेको छ, पहिलो जानकी मन्दिरको पूजाआजा । त्यहाँ देशकी अभिभावक आफ्ना नागरिकको दु:ख बुझ्न गएकी थिइन् । पक्कै त्यहाँका जनताले खुसी मानेका थिए होला । तर, खुसी नभएकाहरूले देखाए आफ्नो चरित्र र भने सिधै अपमानजनक शब्दहरू- यो विधवा, त्यो विधवा । यी शब्दले पक्कै पोलेथ्यो होला राष्ट्रपतिको छाती तर देखाइनन् उनले । किनभने उनले त्यो पीडा देखाउँदा अरू तमाम उनीजस्तै महिलाले के बुझ्थे वा के गर्थे ? उनको छाती पोलिँदा हरेक एकल महिलाको छातीमा शब्दको बज्रपात भएको थियो । जसले जसरी सके, प्रतिकार पनि नगरेका होइनन् । आवाजले प्रतिकार गरे, कलमले प्रतिकार गरे, इसाराले प्रतिकार गरे, नजरले प्रतिकार गरे, केहीले नबोलेरै प्रतिकार गरे । यो सबै आ-आफ्नो क्षमताको प्रतिकार थियो ।

दोस्रो, गोदावरीको कुम्भ मेला उद्घाटन । कहीं ताली त कहीं गाली पाएकी हाम्री राष्ट्रपति सुदूरपश्चिममा कसरी चिनिइन् त ? सुदूरपश्चिम भन्नेबित्तिकै राजधानीले आफ्नो मानसपटलमा एउटा चित्र बनाइसक्छ, घरमा छाउपडी प्रथाको जग, महिला हिंसा मौलाएको ठाउँ, कुरीतिभित्रको बस्ती आदि-आदि । यस्तै, ठाउँमा पुगिन् राष्ट्रपति भण्डारी भव्य स्वागतबिच, ती तमाम महिलासँग जोडिएका हिंसा र कुरीतिलाई निरुत्साहित गर्न । जति जर्जर अवस्थामा सुदूरपश्चिमलाई राजधानीले बुझेको थियो, पक्कै त्यो रहेनछ भन्ने उदाहरण देखियो राष्ट्रपतिलाई भेट्न आतुर जनतालाई देखेर । कुम्भ मेलाको उद्घाटन गर्न पुगेकी राष्ट्रपतिले अवश्य बुझिन् होला कि सोचेजस्तो रहेनछ, सुदूरपश्चिम ।

आफूले पाएको सम्मान र अपमानबाटै पनि धेरै कुरा प्रस्टिन्छ, त्यो समाज र समुदायका लागि । यो ठाउँमा आएर उनले यहाँको स्थानीय भाषामै आफ्नो परिचय पाइन्, 'स्वाइनीकी राजा' अर्थ हुन्छ महिलाकी राजा । उनलाई महिला भनेर महिलाकी राजा बनाइयो । यो बुझाइ र भनाइ हो, एकजना ग्रामीण महिला र एकल महिलाको । उनले ग्रामीण र तमाम एकल महिलाहरूको प्रतिनिधित्व गरेर भनिन्, यो कुरा । मेलामा राष्ट्रपति आउने भन्ने सुनेकी उनी एक दिनको यात्रा गरेर हेर्न मात्रै भनेर निस्किइन् घरबाट र बाटोभरि बस चालकलाई बस रोक्नै दिइनन्, कतै ढिलो त हुँदैन भनेर । उनी भनिरहेकी थिइन्, 'स्वाइनीकी राजा आयाकी छन् । झट्ट लैजा मु भेट्या हुँ ।' यसैसँगै एक ग्रामीण महिलाले प्रश्न गरिन्, 'स्वाइनीकी राजा' कस्ती छिन् ? के खान्छिन् ? के गर्छिन् ?' इत्यादि ।

यी प्रश्नको उत्तर दिन साह्रै गाह्रो भयो । यदि, राष्ट्रपतिलाई सहरकी महिलासँग तुलना गर्ने हो भने उनलाई बुझ्न गाह्रो हुन्छ । त्यसैले राष्ट्रपतिलाई उनी जस्तै ग्रामीण महिला वा उनीसँगै तुलना गरे । 'हाम्रो राष्ट्रपतिको पनि तपाईंको जस्तै दिनचर्या हुन्छ । उहाँ पनि तपाईंजस्तै हुनुहुन्छ ।' जब यो शब्द सुनिन्, उनीमा छुट्टै चमक देख्न पाइयो र मन्द मुस्कानसँग हाँसिन् । फेरि प्रश्न गरिन्, 'मुई त एकल महिला हुँ, बा ।' यो वाक्यले सुदूरपश्चिमको नकारात्मक पक्षलाई बुझाउँछ, उनले झेलेका समस्याहरू, अप्ठ्याराहरूलाई बुझाउँछ । उनको त्यो मलीन अनुहारले धेरै प्रश्न गरेको जस्तो लाग्यो । अहिलेकै राष्ट्रपति पनि एकल महिला हुन् भन्नासाथ उनी भावुक भइन् र आफूले झेलेका समस्याहरू, अप्ठ्याराहरूलाई झल्काइन् । अनि सोधिन्, 'यी अप्ठ्याराहरू राष्ट्रपतिलाई छैन ?'

प्रश्नको उत्तर दिन गाह्रो थियो । तैपनि प्रयास गरियो, 'तपाईंले जसरी आफ्नो घर परिवार, बालबच्चा, नातिनातिनीलाई हेर्नु हुन्छ, त्यसैगरी उहाँले तपाईं हामीलाई, पुरै नेपाललाई हेर्नु हुन्छ । सिंगो राष्ट्रलाई हेर्नु हुन्छ, फरक यति मात्र हो ।' यो शब्दले उनलाई गद्‌गद् बनायो र भनिन्, 'स्वाइनी होइबर लई इति ठुली साहस । आब मुईलाई आफ्ना ठउर गइबर सपैलाई भन्याछु कि स्वाइनीकी राजा मुई जसिछिन् ।'

यो त थियो सुदूरपश्चिमकी ग्रामीण भेगकी महिलाको सत्य कथा, जसले कहिल्यै आफ्नो ठाउँभन्दा बाहिरको संसार देखेकी छैनन् र संसार नै आफ्नो परिवारलाई सम्झेकी छन् । उनलाई 'राष्ट्रपति' जस्तो विशाल शब्द बुझ्न कठिन भयो र उनले महिला राष्ट्रपतिलाई आफूले बुझ्ने गरी सहज भाषामा 'स्वाइनीकी राजा' भनी सम्बोधन गरिन् । राष्ट्रपतिको अनुहार आफ्नो कल्पनामा आफू जस्तै वर्णन गर्न पुगिन् । उनी जस्तै कति महिला होलान्, जसले राष्ट्रपतिलाई देखेकै छैनन्, सुनेकै छैनन् ? कति अनौठो लाग्दो होला 'महिला राष्ट्रपति' भन्ने शब्द ।

अब सुदूरपश्चिमी सहरका महिला, जो शिर उठाएर गर्वका साथ भन्छन्, 'विचार गर है, महिलालाई कमजोर नसोच, किनकि अहिले राष्ट्रपति महिला छन् ।' लाग्छ, यो शब्दले सबै कुरा समेट्यो । यी त थिए, सुदूरपश्चिमको ग्रामीण र सहरका महिलाले राष्ट्रपति विद्यादेवी भण्डारीलाई हेर्ने दृष्टिकोण ।

राष्ट्रपतिले सुदूरपश्चिमलाई कसरी हेर्दै हुनुहुन्छ, सुदूरपश्चिमका महिलाको विकासलाई कसरी सोच्दै हुनुहुन्छ ? यो त हेर्न बाँकी नै छ ।

## मनको ऐनामा मान्छे

# डा. नन्दुको 'दिमाग'




**ओम बानियाँ**

डा. नन्दुप्रसाद पाठक । बुटवलका निकै चर्चित युवा फिजिसियन हुन् । उनी यति चर्चित छन् कि उनको चिकित्सकीय परामर्श लिन रूपन्देहीका बिरामी मात्र होइन, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ, कपिलवस्तु तथा नवलपरासीबाट समेत बिरामीको ओइरो लाग्ने गर्छ । त्यसैले हरेक दिन बुटवल हस्पिटलको ओपीडीमा मात्र होइन, लुम्बिनी अञ्चल अस्पतालमा समेत बिरामीको ठुलो घुइँचो लाग्ने गर्छ । उनको औषधोपचार तथा परामर्शबाट हजारौं बिरामीले स्वास्थ्य लाभ प्राप्त गरेका हुनाले नै उनीप्रति बिरामीको आस्था र विश्वास यसरी बढेको हो ।

छोटो समयमा नै उनी यति लोकप्रिय हुनुको प्रमुख कारण नै उनको इन्टेलिजेन्ट दिमाग हो । अर्थात् उनको दक्षता, चिकित्सकीय सीप तथा उचित परामर्शका कारण नै उनी यसरी लोकप्रिय भएका हुन् ।

सरल र आममानिसजस्तो देखिने मृदुभाषी डा. पाठक मनोवैज्ञानिक दृष्टिकोणमा दायाँ मस्तिष्क बढी सक्रिय भएका व्यक्ति हुन् । दायाँ मस्तिष्क सक्रिय भएका व्यक्तिहरूले गर्नुपर्ने कार्य पनि कला, सीप तथा सिर्जनात्मक कार्यहरू हुन् ।

बनोटको दृष्टिकोणले मानिसको मस्तिष्क (सेरेब्रम)का दुई भाग हुन्छन्, जसलाई दायाँ मस्तिष्क तथा बायाँ मस्तिष्क पनि भनिन्छ । यी दुवै भागलाई कोर्पस कोलोजमले जोडेको हुन्छ । कोर्पस कोलोजम लाखौं स्नायुरेसाद्वारा बनेको हुन्छ । यसको प्रमुख कार्य दायाँ मस्तिष्क तथा बायाँ मस्तिष्कबिच सम्बन्ध स्थापित गर्नु हो ।

दायाँ मस्तिष्क तथा बायाँ मस्तिष्कको एउटा विशेषता के छ भने दायाँ मस्तिष्कले शरीरको बायाँ अंगहरूको क्रियाहरूको सञ्चालन तथा नियन्त्रण गर्ने कार्य गर्दछ भने बायाँ मस्तिष्कले दायाँ अंगहरूको क्रियाहरूको सञ्चालन तथा नियन्त्रण गर्ने कार्य गर्दछ । त्यसैले नै त टाउकाको दायाँपट्टि चोटपटक लागेर दायाँ मस्तिष्कमा क्षति पुग्यो भने बायाँ हात-खुट्टा नचल्ने हुन्छ । त्यसैगरी, बायाँ मस्तिष्कमा क्षति पुग्यो भने शरीरको दायाँ भागमा असर पर्न सक्छ ।

मानिसको दायाँ मस्तिष्क संगीत, नृत्य, चित्रकला, अभिनय, कलाकारिता, प्रत्यक्षीकरण, सिलाइ-बुनाइ इत्यादि सिर्जनात्मक कार्यहरूसँग सम्बन्धित हुन्छ । त्यसैले दायाँ मस्तिष्कले कार्य गर्ने मानिसहरू ज्यादै सिर्जनशील हुने गर्दछन् । उनीहरूको सिक्ने र याद राख्ने क्षमता राम्रो हुन्छ । सीपमूलक कार्यमा यस्ता मानिसहरूको दक्षता हुन्छ । अत: डा. नन्दु यस्तै सिर्जनशील मस्तिष्क र चिकित्साशास्त्रमा उत्कट अभिरुचि राख्ने चिकित्सकीय माइन्डका व्यक्ति हुन् ।

हुन पनि सफल चिकित्सा परामर्श विज्ञान मात्र होइन, एक कला पनि हो । सीप पनि हो । बिरामीलाई विश्वास जगाउन सक्ने खुबी हो । यही कारणले पनि सबै चिकित्सक डा. नन्दु पाठकजस्तो चर्चित हुन सक्दैनन् । डा. पाठकको मनोविज्ञान बुझ्दा उनले चिकित्सक बनेर आफ्नो सही प्रतिभा चिनेको भन्न सकिन्छ । वास्तवमा उनले चिकित्सक नबनेर अन्य क्षेत्र रोजेको भए यति ठुलो सफलता सायदै प्राप्त गर्न सक्थे । यस कुरालाई उनी सहर्ष स्विकार्छन् ।

२०५० सालमा एसएलसी गरेका नन्दु पाठकले ५२ सालमा बुटवल बहुमुखी क्याम्पसबाट आईएसी गरे । अनि बंगलादेशबाट एमबीबीएस र इन्स्टिच्युट अफ मेडिसिन टीयूबाट एमडी गरेका हुन् । इन्टरनल मेडिसिनमा एमडी गरेपछि आफ्नो जन्मथलो बुटवलमा आई बिरामीको सेवामा दिन-रात लागिरहेका छन् ।

डा. नन्दु भन्छन्, 'मैले अहिले दिनको १०० देखि १५० जना बिरामी हेर्ने गर्छु । यस हिसाबमा मैले मेरो १३ वर्षीय चिकित्सकीय कार्यकालमा २ लाखभन्दा बढी बिरामीको उपचार गरेको छु । मकहाँ खास गरी मधुमेह, थाइराइड, पेटको रोग तथा आत्तिने समस्या भएका बिरामीहरू आउने गर्छन् ।'

डा. नन्दु पाठकको सानो र सुखी परिवार छ । आमाबुबा, श्रीमती तथा यूकेजी पढ्ने एक छोरा । उनी आमाबुबासँग बुटवल गोलपार्कमा बसोबास गर्छन् । साथीहरूसँग घुम्ने, क्रिकेट तथा फुटबल खेल्ने तथा हेर्ने उनको रुचि हो । उनी कलेज पढ्ने बेलामा क्रिकेट तथा फुटबल खेल्ने गर्थे । अहिले पनि मौका मिल्यो भने क्रिकेट तथा फुटबल हेर्ने गर्छन् ।

डा. नन्दुका अनुसार रोगबाट बच्ने मूल मन्त्र भनेको नै स्वस्थ जीवनशैली हो । अर्थात् मानिसको आहारबिहार ठिक भएको खण्डमा मानिसलाई रोग लाग्ने सम्भावना कम हुन्छ । आहारको उद्देश्य शरीरलाई पोषण दिनु हो । वास्तवमा भोजन शरीरको इन्धन हो । भोजनबाट नै मानिसलाई कार्य गर्ने ऊर्जा मिल्दछ । स्वस्थ शरीरका लागि भोजनले मात्र पुग्दैन, सात्त्विक र सन्तुलित भोजनको आवश्यक पर्छ । सन्तुलित भोजन त्यो हो, जसमा प्रोटिन, भिटामिन, कार्बोहाइड्रेट तथा खनिज पदार्थ उपलब्ध हुन्छन् । चामल, गहुँ, मुँग, मकै आदि अन्न, लौका, फर्सी, करेला, टमाटर, काँक्रो, आलु, मूला आदि तरकारी, सिमी, बोडी, भटमास, केराउ आदि गेडागुडी तथा हरियो सागपात र फलफूल आदि सन्तुलित भोजन हुन् ।

सानोमा डा. नन्दु पाइलट बन्न चाहन्थे । उनले पाइलट भएको सपना देख्थे । तर, एसएलसी पास गरेपछि डाक्टर बन्ने सपना देख्न थाले । उनी भन्छन्, 'यदि, म चिकित्सा शास्त्र पढ्न नसकेको वा नपाएको भए, वाणिज्य शास्त्र पढ्थें र व्यवसायमा लाग्थें ।'

बालक नन्दुको पाइलट बन्ने सपना पूरा नभए पनि युवा नन्दुको डाक्टर बन्ने सपना पूरा भयो । तर, डा. नन्दुको एक अर्को सपना छ । त्यो हो, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)बाट मुटुरोगमा डीएम गरी एक कुशल मुटुरोग विशेषज्ञ बनी बुटवलमै बसी बिरामीको सक्दो सेवा गर्ने ।

उनी भन्छन्, 'मुटु शरीरको प्रमुख जीननदायी (भाइटल) अंग हो । केही बेर मात्र मुटुले कार्य गर्न छोड्यो भने मानिसको इहलीला नै समाप्त हुन्छ । मुटु रोगमा निकै चुनौती छ । एक चिकित्सकको नाताले म यस चुनौतीको सामना गर्दै यस क्षेत्रमा सेवा गर्न चाहन्छु ।'

डा. नन्दु पाठकको परामर्श लिन आउनेहरूमा आत्तिने तथा मुटुको ढुकढुकी बढ्ने बिरामीहरू पनि थुप्रै आउने गर्छन् । माओवादी द्वन्द्व तथा महाभूकम्पका कारण यस्ता रोगीको संख्या निकै बढेको उनी बताउँछन् । त्यसमाथि वैदेशिक रोजगार, जनसंख्याको तीव्र वृद्धि, बढ्दो शहरीकरण, सहरकेन्द्रित बसाइँ-सराइ, आधुनिकीकरण, फेसन, साँघुरो बाटोघाटो, कठिनाइपूर्ण यात्रा, उपभोग्य वस्तुहरूको अभाव तथा राजनीतिक उथलपुथलले गर्दा नेपाली समाजले दिनहुँ प्रशस्त चाप (स्ट्रेस) तथा तनाव (स्ट्रेन) मा परेको हुँदा यस्ता समस्या बढेका छन् ।

उनी भन्छन्, 'करिब ४०-५० लाख युवा वैदेशिक रोजगारमा छन् । यी युवाहरूको परिवारमा प्रत्यक्ष-परोक्ष रूपमा कुनै न कुनै किसिमको चिन्ता तथा तनाव छ । बाबुआमालाई छोराको चिन्ता, पत्नीलाई पतिको चिन्ता । विदेशमा गएको युवालाई आमाबा, पत्नी तथा छोराछोरीहरूको चिन्ता । यस्ता कुराले पनि मानसिक समस्या बढिरहेका छन् ।'

हो, जसरी मानिसको भौतिक शरीर विभिन्न रोगद्वारा ग्रस्त हुन्छ, ठिक त्यसैगरी मानिसको मन पनि विभिन्न कारणले (जैविक, मनोवैज्ञानिक तथा सामाजिक आदि) गर्दा विकार ग्रस्त हुन सक्दछ । मनका यस्ता विकारहरूलाई नै मनोरोग अर्थात् मानसिक रोगको संज्ञा दिइन्छ । मानसिक रोगहरू २०औं प्रकारका छन् । डिप्रेसन, आत्तिने, चिन्तारोग तथा स्किजोफ्रेनिया आदि मनोरोगका प्रमुख उदाहरण हुन् ।

मानिसको मन र शरीर एक सयुंक्त घटना हो । शरीरमा जे घट्छ, त्यो मनमा पनि घट्छ । मनमा जे घट्छ, त्यसको असर शरीरमा पनि पर्दछ । त्यसैले मनको रोगले तनलाई असर पार्दछ, तनको रोगले मनलाई असर गर्दछ । जस्तो कि चिन्ता तथा डिप्रेसन मनको रोग हो तर यसले तनलाई असर गर्दछ, चिन्ता र डिप्रेसनले मुटुको धड्कन बढ्ने, घबराहट हुने, मुटुको रोग लाग्ने, चक्कर लाग्ने, शरीर दुख्ने, सास फुल्ने, निद्रा नलाग्ने वा बढी निद्रा लाग्ने हुन्छ ।

तनाव मानसिक रोगको प्रमुख कारण हो । तनावमा कारण शारीरिक रोग पनि पैदा हुन्छन् । मधुमेह, थाइराइड, हाइब्लड प्रेसर, मुटु तथा पेटका रोगहरू पैदा गर्नुमा तनावको ठुलो हात हुन्छ ।

# सम्झना तारादेवीको

> उनका गीतहरु एकपछि अर्को हिट हुँदै जान थाले । ताराको सांगीतिक उचाइ निरन्तर चुलिँदै गयो । सर्वत्र प्रशंसै प्रशंसा पाइन् । यहाँसम्म कि यस्तो आवाजमा गाउने गायिका विश्वमै नभएको समेत भनियो । लता मंगेस्करको भन्दा मिठो आवाज पनि भने कति श्रोताले त ।





● टीका भण्डारी

*उकाली ओरालीहरूमा भन्ज्याङ अनि चौतारीहरूमा*
*जहाँ जहाँ जान्छौ तिमी म पाइला गनी पछ्याइरहन्छु*

गायिका तारादेवीको सर्वाधिक लोकप्रिय गीत हो, यो । यस्ता सयौं गीत गाएकी छन् तारादेवीले, रेडियो नेपालमा । उनले गाएका बहुचर्चित गीतहरू नारायणगोपालसँग युगल 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो', उकाली ओरालीहरूमा, निर्दोष मेरो पछेउरीमा, शुभकामना भरि, आऊ नआऊ तिम्रो खुसी, तिम्रा पाउहरूमा सधैं, आँसु र सुस्केरा, तिमीलाई हाँसेर बिदा मात्र, एक्लो जीवनमा, मनको निश्चलता, यति ठुलो संसारमा, तिमीले दिएका, सोचेजस्तो हुन्न जीवन, फूलको थुंगा, मलाई हाँसीदेऊ नभन, धेरैले लेखे, नौ गेडीको मेरो माला, यो नेपाली शिर उचाली (स्वदेश गान समूह गायन), आमा भएर बोकी हेर सन्तानका पिरहरू आदि गीत तारादेवीले गाएकी छन् जुन गीतहरू तारादेवीको सांगीतिक जीवनका बहुमूल्य गीत नै हुन् र श्रोताका लागि त झन् अमूल्य नै मानिन्छन् । नातिकाजीको संगीतमा सबैभन्दा धेरै गीत गाउने गायिका तारादेवी नै हुन् । उनले ३ सय ६४ भन्दा बढी आधुनिक, १ सयजति भजन, चार दर्जनजति लोकगीत र स्वदेश गान, बालगीत, चलचित्र आदि गरी ८० भन्दा बढी गीत रेडियो नेपालमा रेकर्ड गरेकी छन । यसरी नै दर्जनौं गीतकार- संगीतकारका चर्चित गीत गाइन्, यिनले जीवनमा । उनै गायिकाको जीवनकथा आजको प्रस्तुतिमा-

## परिवार

उनको जन्म १५ जनवरी १९४५ मा (विसं १९९८ माघ २ गते) काठमाडौंको इन्द्रचोकमा पिता कृष्णबहादुर र माता राधादेवीको सुपुत्रीका रूपमा जन्म भएको हो । उनले सन् १९६६ मा २१ वर्षको उमेरमा एयर पाइलट शिवबहादुर बस्नेतसँग विवाह गरिन् । उनका दुई सन्तानमध्ये छोरी चारु मात्रै छिन्, अहिले । ताराले सात वर्षको उमेरदेखि नै गीत गाउन सुरु गरेकी हुन् । सानैमा शास्त्रीय बोलहरू, अलंकार र थाटहरू गाउन थालिन् । संगीतमै स्नातकसम्मको अध्ययन पूरा गरिन् । संगीतको अध्ययनले उनको गायकी अझ परिष्कृत हुँदै गयो । यसपछि त रेडियो नेपालमै प्रतिष्ठित श्रेणीकी गायिकाको रूपमा रहिन् । रेडियो नेपालमा २०१५ सालमा उनले जागिर पाइन्, खरिदार तहको । त्यसबेला खरिदारको जागिरलाई पनि निकै महत्त्वपूर्ण नै मानिन्थ्यो । खरदार साहेब भनिन्थ्यो । छोरीले रेडियो नेपालमा खरिदारको जागिर पाएपछि त पिता कृष्णबहादुर र माता राधादेवी निकै खुसी भए । गीत गाएर पनि जागिर पाइन्छ भन्ने उनीहरूले कल्पनासमेत गरेका थिएनन् । त्यसबेला उनी मासिक १ सय रुपैयाँ तलब पाउँथिन् । एउटा गीत गाएको ५ रुपैयाँ पाउँथिन् । उनले जीवनमा पहिलो पटक रेडियो नेपालमा विसं २०१२ सालमा औपचारिक रूपमा गाएको गीत 'अब हजुर नजानूस लाहुर, नेपालैमा पाइन्छ जागिर' बोलको थियो । यसबेला उनी १४ वर्षकी मात्र थिइन् ।

## बाल्यकाल

गायिका तारादेवी भन्ने गर्थिन्, 'मलाई नै थाहा छैन, मैले कहिलेदेखि गीत गाएँ तर मलाई राम्रै सम्झना छ, पाँच वर्षको उमेरमा म पहिलो पटक रेडियो नेपाल आएको थिएँ । त्यो उमेरमै उनले रेडियो नेपालमा लाइभ प्रसारणमा गीत गाउने अवसर पाइन् । उनको आवाज सुनेका जोकोही पनि प्रभावित बने । दिल खोलेर उनको प्रशंसा गरे । रेडियो नेपालमा उनलाई अँगालोमा हालेर बोक्नेहरूको एक किसिमले तानातान नै भयो । पाँच वर्षकी बच्चीले गीत गाएको कुराले सबैतिर चर्चा पायो । त्यसबेला रेडियो नेपालका हरेक गतिविधि गोरखापत्रमासमेत प्रकाशन हुने गर्थ्यो । पाँच वर्षीय गायिकाले गीत गाइन् भन्दै उनको बारेमा समाचार छापियो । उनले रेडियो नेपालको बालकार्यक्रममा गीत गाएकी थिइन् । रेडियो नेपालसँगको एक भेटमै छोरीको गायन कलाको चर्चा सुनेपछि उनका मातापिता कृष्ण र राधाले पनि छोरीलाई संगीत नै पढाउने निधो गरे । ताराले पनि भविष्यमा के बन्छौ भनेर सोध्दा गायिका बन्छु, भनिन् । सात वर्षको उमेरदेखि नै उनी संगीत सिक्न थालिन् । उस्ताद भैरवबहादुर थापाले पनि उनलाई संगीत सिकाए । रेडियो नेपालले पनि उनलाई महिनामा एउटा गीत गाएबापत पाँच रुपैयाँ प्रदान गर्न थाल्यो । यो विसं २००७ सालतिरकै कुरा हो, जुन बेला भर्खर मात्रै रेडियो नेपालको स्थापना भएको थियो । उनको मूल कार्य भनेकै रेडियो नेपालमा राम्रा-राम्रा गीत गाउनु, रेकर्ड गर्नु र अरू गायक-गयिकाका गीतसमेत रेकर्ड गराउनु थियो । उनले लगातार ३० वर्ष रेडियो नेपालको सेवा गरिन् । रेडियो नेपालबाट दीर्घ सेवापदकसमेत प्राप्त गरिन् । रेडियो नेपालमा बालगीतदेखि गायन यात्रा सुरु गरेकी तारादेवीले पछि-पछि त आधुनिक गीत, राष्ट्रिय गीत, प्रार्थना गीत, भक्ति संगीत, लोक गीत, चलचित्रको पार्श्व गीत, नाटक, ब्याले, अपेरालगायत अनेकन संगीत विधाका गीत गाइन् । गायन विधाका अनेकन् उपविधामा उनी निकै नै जमेकी गायिकाको रूपमा परिचय र पहिचान बनाउँदै लगिन् । उनको गायकीमा जुन पावरफुल रेन्ज थियो त्यही अनुपातमा संगीतका विविध उपविधामा गायन क्षमता उत्तिकै र उस्तै रूपमा प्रस्तुत गर्न सक्ने खुबी पनि थियो । उनले गाएका गीत एकपछि अर्को लोकप्रिय बन्दै गए, श्रोतामाझ उनी एक अब्बल गायिका, उदाहरणीय गायिका, कोकिल्कण्ठी गायिका, स्वरसम्राज्ञी, हिमालयकी छोरी, आवाजकी किन्नरी आदि विविध उपनामले यिनी श्रोताको हृदयमा बस्दै गइन् । हरेक नवोदित गयिकाहरूकी त उनी मानक नै बन्दै गइन् । तारादेवीजस्तो गायिका बन्छु भन्ने धेरैलाई लाग्थ्यो र अझै पनि उनको पदचिह्न पछ्याउने महिला गायिका धेरै छन्, नेपाली संगीतमा ।

## करिअर

जसले हृदयले गाउँछ, मानिसले पनि हृदयले सुन्छन् भन्ने दर्शन थियो, त्यसबेला संगीतमा । उनी पनि यस्तै हृदयले गाउने गायिकाको रूपमा देखा परिन् । उनी हृदयले गाउँथिन्, खुलेर आवाज निकाल्थिन्, सबैलाई मन्त्रमुग्ध बनाउँथिन् । रेडियो नेपालको बाल कार्यक्रममा नियमित रूपमा भाग लिन थालिन् । उनको सांगीतिक जीवन करिअर पनि यहींबाट सुरु भयो । नियमित रूपमा ताराका आधुनिक गीत रेकर्ड हुन थाले । 'साँगुरी वारि नि हौ त्यो धारा पानी' बोलको गीतले सुरुमा चर्चित बनिन् । यस्तै 'फूलको थुंगा बगेर गयो गंगाको पानीमा' अर्को चर्चित गीत बन्यो, चलचित्र मनको बाँधमा । 'कालीपारि दाइ कति राम्रो, ढाका टोपी काँधैमा गलबन्दी' बोलको गीतबाट यिनी श्रोतामाझ गहिरिएर पुगिन् । यिनको आवाजसँग जो कोही परिचित हुन थाले । 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो', नारायणगोपालसँग युगल रूपमा गाएको गीतले यिनलाई प्रवासमा समेत चर्चित बनायो । देश-विदेशमा यिनको चौतर्फी चर्चा हुन थाल्यो । निर्दोष मेरो पछेउरीमा बोलको गीतले अर्को छलाङ मारिन् । उनका गीतहरू एकपछि अर्को हिट हुँदै जान थाले । ताराको सांगीतिक उचाइ निरन्तर चुलिँदै गयो । सर्वत्र प्रशंसै प्रशंसा पाइन् । यहाँसम्म कि यस्तो आवाजमा गाउने गायिका विश्वमै नभएकोसमेत भनियो । लता मंगेस्करको भन्दा मिठो आवाज पनि भने कति श्रोताले त । उनको गायकीमा राम्रो रेन्ज थियो, सुर, ताल, लय, मिठासमा परिपक्व थिइन् । पावरफुल सिंगिङ थियो उनको ।

पछिल्लो समयमा भऱ्याङ चढ्नसमेत उनलाई गाह्रो पर्न थालिसकेको थियो । जसले उनको गायन करिअरलाई फुलस्टप लगाइदियो । रेडियो नेपालबाट अवकाश प्राप्त भएको दुई वर्षमै ६१ वर्षको उमेरमा उनको काठमाडौंमा निधन भयो ।

तारादेवी आफैंमा एउटा राम्रो संगीतकारसमेत हुन् । उनले दर्जनौं गीतमा संगीत गरेकी छन् । आफ्नो संगीतमा गाउँदा निकै आनन्द आउने बताउँथिन्, उनी । उनले संगीत गरेका केही गीत आफन्तहरूले कुल्चे, ऐनाभरि आँखाभरि, जब-जब निसास, चाहना मेरो, सर्माएर, पिर पर्दा, धेरैजसो, सिन्दूरले, एक्लै आएथें, जलाउने चिन्ता, हाँसेर, मन कोही आदि पनि चर्चित गीत हुन् ।

## लाइफ ट्रेजेडी

सन् १९६६ मा एयर पाइलट शिवबहादुर श्रेष्ठसँग विवाह गर्दा उनी २१ वर्षकी थिइन् । शिवबहादुर केही समययतादेखि मात्र पाइलटिङ गर्दै थिए । उनी एक छोरा एक छोरीकी आमा बनिन् । सन्तान त्यसै प्यारो त हुन्छ नै, चारजनाको परिवार सुखद दाम्पत्य जीवनमा रूपान्तरित हुँदै गयो । जीवन खुसी पार्न देश-विदेश घुमे । शिवबहादुरले श्रीमती र छोराछोरीलाई हेलिकोप्टरमा राखेर मेचीदेखि महाकालीसम्मका सबै हिमाल आकाशबाटै देखाए । विवाहपछिको पारिवारिक प्रेम सबैका लागि उदाहरणीय बन्दै गयो । तारादेवीको हवाईजहाजका पाइलट शिवबहादुर श्रेष्ठसँग वैवाहिक जीवन जोडिएपछि उनको सांगीतिक करिअरमा नै सकारात्मक प्रभाव परेको थियो । उनको आवाजबाट मोहित शिवबहादुर ताराजस्ती महान् गायिकाको श्रीमान् हुन पाउँदा संसारकै भाग्यमानी ठान्दथे । ताराको गीत नसुनी निदाउँदैनथे । सम्भव भएसम्म उनलाई रेडियो नेपाल सँगै लिएर जान्थे, लिएर आउँथे । प्रायः सँगसँगै हिड्थे, यी दम्पती । ताराको सफलताको प्रत्येक पलमा उनी समीपमै हुन्थे । यसबाट ताराले ठुलो ऊर्जा प्राप्त गरेकी थिइन् । तर, जीवन सधैं एउटै रफ्तारमा अघि बढ्न सकेन । परिस्थितिले उनलाई जीवनमा कहिलै सपनामा पनि नदेखेको कुरा भोग्न विवश बनायो । दाम्पत्य जीवनको २६ वर्षको उत्तरार्द्धमै जीवनको सहारा बनेका २५ वर्षीय एक मात्र प्राणभन्दा प्यारो छोराको ब्लड क्यान्सरद्वारा निधन भयो । गायिका तारादेवी र पाइलट शिवबहादुरको जीवनमा निकै ठुलो बज्रपात पऱ्यो । तारा लामो समयसम्म बेहोस भइन् । होसमा आएपछि पनि उनले पहिलेजस्तो खुलेर हाँसेर कुरा गर्ने मुडमा कहिलै रहन सकिनन् । उनको सांगीतिक जीवनमा पनि गीति रचना र भाव हेरेर मात्र गाउन थालिन् । कुनै गीतले उनलाई अत्यन्तै धेरै छुन थाल्यो भने कुनै गीत सुन्ने मन नलाग्ने अवस्था सिर्जना हुन थाल्यो, उनको जीवनमा । दुःख-सुख जीवन चलाउँदै गए, उनीहरू । छोराको निधनपछि पनि जीवनलाई सुखद बनाउन धेरै कोसिस गरे । यही कोसिसबिच उनका पाइलट श्रीमान् शिवबहादुर बस्नेतको विमान दुर्घटनामा अकल्पनीय निधन भयो । परिवारले केही समय कुरा लुकाउन बाध्य भए पनि आमसञ्चारमाध्यमले कुरा लुकाउन सकेनन् । आफ्नै श्रीमान्को निधन भएको समाचार रेडियोबाट सुन्दा उनी बेहोस भइन् । उनको छेउमा डाक्डरसमेत अदृश्य रूपमा राखेर सबै घटनाक्रम बताइयो । होसमा आउँदै बेहोस हुँदै गइन् । उनी पार्किन्सनको बिरामी पनि थिइन् । ट्रेजेडीमाथि ट्रेजेडी थपिँदै गयो, जीवनमा । धेरैले उनलाई यो दुःखबाट माथि उकास्न कोसिस गरे । पार्किन्सनको डाइग्नोसिसपछि उनले आफूलाई पनि सम्झाउन धेरै कोसिस गरिन् तर सम्झाउन सकिनन् । यता, रेडियो नेपालमा पनि उनको जागिरे जीवनको समयावधि समाप्त भयो ।

कलाकार रिटायर्ड हुँदैनन्, त्यो त प्रशासनिक कर्मचारीका लागि हो भन्ने गर्थिन् र त्यही गह्रौं विश्वास पालेकी थिइन्, उनले । अचानक उनको विश्वास टुट्यो जुनबेला उनले अवकाश पत्र प्राप्त गरिन् । त्यसबेला फेरि उनको जीवनमा अर्को धोका भएको महसुस गरिन् । नातिकाजी अवकाशपछि पनि सलाहकार भएर रेडियो नेपालमा केही वर्ष रहे तर उनी त्यो अवस्थामा पनि रहिनन् । उनी सबैतिरबाट हार खाँदै गइन् । गीत रेकर्ड हुन छाडे, उनका । गीत गाउन पनि मन लाग्न छोड्यो, उनलाई । हस्पिटल धाउँदै जीवन बित्न थाल्यो । अन्त्यमा २३ जनवरी २००६ मा ६१ वर्षको उमेरमा उनी यस संसारबाट सदाका लागि अस्ताइन् ।

## तारादेवी रोएको त्यो क्षण

तारादेवीलाई रेडियो नेपालको जागिर अत्यन्तै प्यारो थियो । अचानक उनको हातमा अवकाशको पत्र पऱ्यो । त्यो उनले सोचेकीसमेत रहिनछिन् । प्रशासनले उनको टेबुलमा अवकाश पत्र लगेर राखिदिनेबित्तिकै यिनी डाको छोडेर रोइन् । ४० वर्ष विशिष्ट योगदान पुऱ्याएको संस्थाबाट सम्मान त कता हो कता हाजिर गर्ने ठाउँमै ब्लक गरेर प्रशासनले रातो चिह्न लगाएकोमा असन्तुष्टि व्यक्त गरिन् । हुन पनि सदाझैं हाजिरी गर्न जाँदा हाजिरसमेत गर्न पाइनन् । तारा दिदीलाई सहानुभूति दिन उनको मातहतमा रहेका कलाकारहरू उनको कोठामा पुगे । यो पंक्तिकार पनि उनकै मातहतमा संगीत शाखामा कार्यरत थियो । उनी पनि पुगे, त्यहाँ सान्त्वना दिन । अवकाशको अर्थ बुझाउने कोसिस गरियो । तारा दिदी एक घन्टाजति आफ्नो अघिल्तिरको टेबुलमा टाउको सुताएर आँसु खसाल्दै सुतिरहिन्, घुक्क घुक्क गर्दै । स्वाभाविक अवकाशलाई पनि उनले अपमान सम्झिइन्, कुनै सूचना जानकारीबेगर आफूलाई अचानक आवकाश दिएको अनुभूतिमा थिइन्, उनी । हुन पनि ४०औं वर्ष जीवनका स्वर्णिम दिन बिताएको संस्थाबाट उनले स्वाभाविक सम्मानसहितको बिदाइ सम्भवतः अपेक्षा राखेकी थिइन् होला । तारादेवीजत्तिको गौरवशाली व्यक्तित्वलाई एउटा सामान्य कर्मचारीको रूपमा मात्र बुझ्नु सम्भवतः रेडियो नेपालको केही कमजोरी पक्कै नै थियो होला, त्यो बेला । स्रष्टालाई अरू कर्मचारीलाई जस्तो अवकाश गरिनुहुन्न भन्ने सोचाइ थियो, उनको ।



## नेपाली चलचित्रमा तारादेवी

नेपाली चलचित्रको पार्श्व गायन यात्रामा पनि गायिका तारादेवीले उल्लेखनीय योदान पुऱ्याएकी छन् । श्यामश्वेत चलचित्र आमामा गीत गाउने गायिका हुन्, उनी । अर्थात्, नेपाली चलचित्रको 'ब्ल्याक एन्ड ह्वाइट' परिदृश्यदेखि रंगीन जमानाको २५ वसन्त, शान्तिदीप र मायासम्म यिनले पार्श्व गायन प्रस्तुत गरेकी छिन् । चलचित्र मायामा उनको पार्श्व गायन यात्राको अन्तिम गीत सुन्न सकिन्छ । ताराले नेपाली चलचित्र हिजो, आज, भोलि, परिवर्तन, मनको बाँध, सिन्दूर, जीवनरेखा, कुमारीलगायतका चलचित्रहरूमा समेत पार्श्व गायन प्रस्तुत गरेकी छन् । अर्थात्, सो चलचित्रका हिट गीतमा तारादेवीकै सुमधुर आवाज गुन्जिएका छन् । यी गीतहरू देश-विदेशमा समेत श्रोता तथा दर्शकमाझ लोकप्रिय छन्, आज पनि । चलचित्र सिन्दूरमा उनले गाएको 'आहा वनमा फुल्यो फुलै फूल बास्ना चल्यो मनैमा' नातिकाजी र गोपाल योञ्जनको संगीतमा, अम्बर गुरुङको संगीतमा पलपल चुमेर जीवनरेखामा प्रेमध्वज प्रधानसँग किरण खरेलको रचनामा युगल गीत, मनको बाँधमा नातिकाजी शिवशंकरको संगीतमा 'फुलको थुंगा बहेर गयो गंगाको पानीमा', कुमारीमा आँखाहरूले रुन नखोजे शिवशंकर र चन्द्रराज शर्माको संगीतमा किरण खरेलको रचनामा, शान्तिदीपमा सुनगाभाजस्तो जीवन आदि उनले गाएकी छन् ।

## संगीतकारका रूपमा तारादेवी र उनका गीतकार, संगीतकार

तारादेवी आफैंमा एउटा राम्रो संगीतकारसमेत हुन् । उनले दर्जनौं गीतमा संगीत गरेकी छन् । आफ्नो संगीतमा गाउँदा निकै आनन्द आउने बताउँथिन्, उनी । उनले संगीत गरेका केही गीत आफन्तहरूले कुल्चे, ऐनाभरि आँखाभरि, जब जब निसास, चाहना मेरो, सर्माएर, पिर पर्दा, धेरैजसो, सिन्दूरले, एक्लै आएथें, जलाउने चिन्ता, हाँसेर, मन कोही, निद नआए जस्तै, एक्लो चिनाजानी, धेरैजसो आदि छन् । सबैभन्दा धेरै संगीत त यिनले नातिकाजीकै गाएकी छन् । शुभकामना, अँध्यारोमा एउटा, सपनामा देखूँ, ओभानो सिन्दूर, एउटा डाँडा, जीवनको सहारा, इच्छा आकांक्षा, जुन निदाउन, तिमीले मलाई, तिम्रा पाउहरूमा, आँसु सुस्केरा, तिमीलाई हाँसेर, सम्झी रुन म, यति ठुलो संसारमा, चाहनाको सीमा, सुनसान प्रकृति, दाइलाई बोलाऊँ भने आदि दर्जनौं गीत छन् । ताराले विभिन्न गीतकारका गीत गाएकी छन् । गीतकार चाँदनी शाह, राममान तृषित, भैरवनाथ रिमाल कदम, मविवि शाह, निरविक्रम प्यासी, गौरी नेवा, किरण खरेल, रामविक्रम सिजापति, दीर्घसिंह बम, भोला रिजाल, राजेन्द्र रिजाल, रवीन्द्र शाह, माधव घिमिरे, डा. कृष्णहरि बराल, दामोदर घिमिरे, लक्ष्मण लोहनी, पुरुषोत्तम सापकोटा, भूपी शेरचन, कालीप्रसाद रिजाल, दिनेश अधिकारी, आदि उनका रोजाइमा परेका गीतकार हुन् । यस्तै, अन्य थुप्रै राम्रा-राम्रा गीतकारका गीत पनि गाएकी छन्, यिनले । यस्तै, उनका रोजाइका संगीतकारहरूमा नातिकाजी, शिवशंकर, शुभबहादुर, दीपक जंगम, गणेश परियार, अम्बर गुरुङ, मनबहादुर मुखिया, कृष्णमान, गोपाल योञ्जन, बासुदेव मुनाल, बुलु मुकारुङ आदि हुन् । यी संगीतकारका संगीतमा यिनले रेडियो नेपालमा गीत गाएकी छन् । अन्य राम्रा संगीतकारका संगीतमा पनि ताराले उत्कृष्ट गीत गाएकी छन् । यस्तै, गीतकारहरूमा चन्द्रकला शाह, एसके पहाडी, उत्तम श्रेष्ठ, दिनेश शाह, भैरवनाथ रिमाल कदम, नरेन्द्र हाडा, विजय कन्दङ्वा, नरेन्द्र प्यासी, गौरी नेवा, बालकृष्ण सजीव, उत्तम केसी, विश्ववल्लभ, श्रीविक्रम राणा, सुमन खरेल, गणेश ज्ञवाली, चेतन कार्की, राजेन्द्र थापा, माधव घिमिरे, दीर्घसिंह बम, खगेन्द्र नेपाली, पुरुषोत्तम सापकोटा, लक्ष्मण लोहनी, छिन्नलता, सुवासचन्द्र ढुंगेल, डा. कृष्णहरि बराल, मनबहादुर मुखिया, यादव खरेल, दिनेश अधिकारी, भूपी शेरचन, रामचन्द्र पुडासैनी, ईश्वरबल्लभ, निरविक्रम प्यासी, कृष्णजंग राणा, रवीन्द्र शाह, भैरवनाथ रिमाल छन् । तारादेवीले गीतकार मविवि शाहको रचना शिवशंकरको संगीतमा कति राम्रो, एसके पहाडीको शब्द नातिकाजीको संगीतमा कालेपारि दाइ कति राम्रो, किरण खरेलको रचना गायिका आफ्नै संगीतमा हाई-हाई बसन्तले, भावुकको रचना शिवशंकरको संगीतमा कति मधुरो साँझ, बिदा हुने भइगयो बेला, बीपी शाहको रचना पुष्प नेपालीको संगीत, किरण खरेलको रचना गायिका आफ्नै संगीतमा जुनेली रात, किरण खरेलको रचना शिवशंकरको संगीतमा लहर हो लोग्ने मान्छे, रानी चरी कहाँ गो, जेआर वाग्लेको रचना नातिकाजीको संगीत, म फूलसित भुलूँ (रवीन्द्र शाहको रचना नातिकाजीको संगीत) मैले बुझ्नै सकिनँ कृष्णप्रसाद पराजुलीको रचना नातिकाजीको संगीत, चिठी किन लेख्यौ (एसके पहाडीको रचना नातिकाजीको संगीत) तिम्रो सपना देखें (किरण खरेलको रचना नातिकाजीको संगीत) किरण खरेलकै रचना अम्बर गुरुङको संगीतमा सोधूँ सोधूँ लाग्छ, किरण खरेलको रचना शिवशंकरको संगीतमा हिमालको काखमा, किन लाग्यो आशा (भावुकको रचना शिवशंकरको संगीत, पुण्यप्रसादको रचना रुबी जोशीको संगीतमा घुमाइमा घुमाइ, मविवि शाहको रचना गोविन्दलालको संगीतमा बन्दीपुरे उकाली, टाढाबाट बोलाएको (श्यामप्रसादको रचना नातिकाजीको संगीतमा, यस्तै मविवि शाहकै रचना नातिकाजीको संगीतमा आकाशको तिर्मिरे तारा म गन्न सक्दिन, किरण खरेलको रचना नातिकाजीको संगीतमा फूल टिप्न, गोपाल योञ्जनको शब्द कर्म योञ्जनको संगीतमा रातमा निदाई मलाई, रत्नशमशेर थापाको शब्द प्रेमध्वज प्रधानको संगीतमा मायाको चिनो, रत्नशमशेरकै रचना नारायणगोपालको संगीतमा ए कान्छा ठट्टैमा यो, गायिकाको आफ्नै शब्द शिवशंकरको संगीतमा सबैले भन्थे मायालु फूल भई बोलका कर्णप्रिय गीतसमेत रेकर्ड भएका छन् । यिनै गीतले वास्तविक रूपमा तारादेवीलाई नेपाली संगीतको क्षेत्रमा स्थापित गराउन, श्रोताको मन मुटु र हृदयमा घर बसाउन सफल भएका छन् ।

तारादेवीले गाएका गीतहरूमा खासगरी नातिकाजीका संगीत बढी भेटिन्छन् । माथि उद्धृत भएका नातिकाजीद्वारा संगीतबद्ध कतिपय गीतबाहेक नातिकाजीको संगीत रवीन्द्र शाहको शब्दमा यस्तो बाजी, धर्मराज थापाको रचनामा कालेपारि, निर शाहको शब्दमा ए आमा म, जनार्दन शर्माको शब्दमा डोकोको नाम्लो, मविवि शाहको शब्दमा कुरें कुरें आएनौ, ईश्वरबल्लभको रचनामा फुलाई फूल, युधीर थापाको रचनामा ढल्के टोपी, किरण खरेलको रचनामा मलाई माया, रमेश धितालको रचनामा जीवनको सहारा, बानिरा गिरीको रचनामा बोली हजुर, कृष्णप्रसाद पराजुलीको शब्दमा मेरो हजुरलाई, किरण खरेलको रचनामा मलाई माया, रमेश धितालको रचनामा जीवनको सहारालगायत गीत रेडियो नेपालमा रेकर्ड भएका छन्, तारादेवीको स्वर तथा नातिकाजीको संगीतमा । यसैगरी, तारादेवीले शिवशंकरको संगीतमा उल्लिखित गीतबाहेक किरण खरेलद्वारा रचित तिम्रो माया कागजको, राममान तृषितद्वारा रचित एक फूल झरेर, लक्ष्मण लोहनीद्वारा रचित बाह्रै महिना, लक्ष्मणकै शब्दमा जन्मिएको आँगन, उनकै शब्दमा आऊ चेली, राममान तृषितको शब्दमा यो हँसिलो, लक्ष्मण लोहनीकै शब्दमा मेरो छोरी, उनकै शब्दमा मेरो हजुरलाई, किरण खरेलको रचनामा बरु पत्थरले, लक्ष्मण लोहनीको शब्दमा मेरी छोरीजस्ता कालजयी प्रकृतिका आधुनिक सुगम गीत शिवशंकरको संगीतमा तारादेवीले गाएकी छन ।

## कसको कति गाइन् ?

तारादेवीले सबैभन्दा धेरै राममान तृषितको रचना गाएकी छन् । उनले राममानका ६२ ओटा गीति रचना गाएकी छन् । त्यसो त गीतकार किरण खरेलका पनि ४५ ओटा गीति रचना उनले गाएकी छन । रत्नशमशेर पनि के कम, उनका पनि २५ ओटा गीति रचना तारादेवीले गाएकी छन् । यसैगरी, दिनेश अधिकारीका चारओटा रचना, मविवि शाहका चारओटा रचना गाएकी छन । संगीततर्फ सबैभन्दा धेरै अर्थात् नातिकाजीको संगीतमा ८९ ओटा गीत गाएकी छन् भने शिवशंकरको संगीतमा ४२ ओटा गीत गाएकी छन् । उनले आफ्नै संगीतमा पनि ६५ ओटा गीत गाएकी छन् । राममान तृषितका उनले गाएका ६२ ओटा गीति रचनामध्ये २६ ओटा गीतमा भने राममानकै संगीत रहेको छ । चाँदनी शाहका २२ ओटा रचना तारादेवीले गाएकी छन्, अधिकांश लोकप्रिय पनि छन् । शुभबहादुर र तारादेवीको पनि निकै राम्रो ट्युनिङ थियो । यीनको संगीतमा पनि ताराले १५ ओटा आधुनिक गीत गाएकी छन् जसमा फुलै फूलको मौसम तिमीलाई र निर्दोष मेरो पछ्यौरीमा धेरै लोकप्रिय गीत हुन् । संगीतकार शम्भुजित बाँस्कोटाको संगीतमा ताराले गाएका मृग झैं चञ्चल (दिनेश शाह), यो सफा हृदय (राजेन्द्र रिजाल) लोकप्रिय छन्, उनका चारओटा संगीत गाएकी छन् । अम्बर गुरुङको संगीतमा यिनले चलचित्रमा समेत गरी झन्डै १० ओटा गीत गाएकी छन् जसमा चलचित्रका पार्श्व गीतहरूमा हराएझैं कै लाग्छ, तिम्रो नाम, को हुँ म, पल पल चुमेर धेरै नि लोकप्रिय बनेका गीत हुन् । यस्तै, शिवशंकर (चन्द्रराजको संगीतमा आँखाहरूले नखोजे, मनमा माया (युगल माणिक रत्नसँग), नातिकाजी (गोपाल योञ्जनको युगल संगीतमा बनमा फुल्यो फूल, मलाई हाँसिदेऊ नभन धेरै दर्शक श्रोताको मन हरेका गीत हुन् । संगीतकार दीपक जंगमको संगीतमा पनि चारओटा गीत उनले गाएकी छन् । यी संगीतकारसँगै हृवीवल सारा, कर्म योञ्जन, नाति, शिव, चन्द्रराज शर्मा, जगतमर्दन थापा, प्रकाश गुरुङ, बुलु मुकारुङ, विजयसिंह मुनाल, सिके रसाइली, कृष्णमान, विक्रम कन्दङ्वा, सञ्जय शाह, अरबिन्द मालाकार, गणेश परियार, नरेन्द्र प्यासी, कमल परियार, सपना र मदन दिव्यमको संगीतमा तारादेवीले गाएकी छन् । यी संगीतकारहरूमा कसैको विभिन्न समयमा तिनओटासम्म गीत गाएकी छन् ।

## कृति, सिर्जना र पुरस्कार

रेडियो नेपालमा संख्यात्मक रूपमा सबैभन्दा धेरै गीत गाउने गायिका हुन्, तारादेवी । त्यसो त गुणमा पनि उनले धेरै गहिरो र लामो सांगीतिक यात्रा छिचोलेकी हुन् । उनले संगीत गरेका कैयन् गीत नै उनको जीवनका बहुमूल्य कृति हुन् । उनका कालजयी र अमर गीत नै उनका सिर्जनात्मक उत्पादन हुन् । पुरस्कारका सम्बन्धमा तारादेवीले महेन्द्र रत्नभूषण, गोरखा दक्षिणबाहु चौथो, ईन्द्रराज्यलक्ष्मी पुरस्कार चौथो, (विसं २०३३) शुभराज्यभिषेक पदक (विसं २०३१), चलचित्र सिन्दूर चलचित्रतर्फको बेस्ट सिंङिङ अवार्ड (सन् १९९८), छिन्नलता गीत पुरस्कार, जगदम्बाश्री पुरस्कार (सन् १९९४) मैना पुरस्कार (सन् १९९९६) सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (सन् १९९९), ईमेज च्यानल पुरस्कार, (सन् १९९९), टुबोर्ग सम्मान, नई सुर सम्मान, (विसं २०५६) लगायतका पुरस्कार तथा सम्मान प्राप्त गरेकी छन् ।

## मेरो सम्झनामा तारादेवी

विसं २०४४ सालतिर यो पंक्तिकार स्रष्टा रेडियो नेपाल प्रवेश गर्दै थियो, एउटा सपना लिएर । रेडियो नेपाल प्रवेशको ढोका खोल्ने जीवन सर्जकमध्ये तारादेवी पनि एक प्रमुख थिइन् । त्यो दिन पंक्तिकार रेडियो नेपालमा वाद्यवादनको अडिसन दिँदै थियो । त्रिचन्द्र कलेजमा स्नातक तह दोस्रो वर्ष पढ्दै गरेको एक बेरोजगार युवा । तर, रोजगारीको चिन्ताभन्दा पनि बढी उसलाई एउटा गायक संगीतकार बन्ने सपनाले बढी उद्वेलित तुल्याइरहेको थियो । अडिसनका लागि नातिकाजी बस्ने रेडियो नेपालको पुरानो बिल्डिङमा उसलाई लामो प्रतीक्षापछि बल्ल बोलाइयो । कोठाभित्र सांगीतिक अडिसन लिन नेपाली संगीतका तिनजना हस्ती नातिकाजी, शिवशंकर र उनै प्रिय गायिका तारादेवी बसेकी थिइन् । अडिसनका लागि पंक्तिकारले दुईओटा वाद्ययन्त्र भ्वाइलिन र मेन्डोलिन साथमा लिएर गएका थिए । तारादेवीले सबैभन्दा पहिला मेन्डोलिन बजाउन लगाएकी थिइन् । दुईओटा गीतको धुन प्रस्तुत गरिसकेपछि राम्रो फिंगरिङ त रहेछ तपाईंको भन्दै वाद्यकलाको खुलेर प्रशंसा गरेकी थिइन्, उनले ।

नातिकाजी, शिवशंकरले भ्वाइलिन बजाउन र एउटै गीतलाई स्केल परिवर्तन गरेर बजाउन लगाएका थिए । हुँदाहुँदै अडिसनबिच नै नातिकाजीले हार्मोनियम बजाएर तारादेवीले गीत गाउँदा पंक्तिकारले गीतारमा साथ दिएका थिए । तारादेवीले भोलिको मेरो रेकर्डमा भाइले पनि बजाउनुपर्छ, विजयसिंह मुनालको संगीतमा म यही गीत गाउँदै छु भन्दा खुसीले आँसु छचल्किएको थियो । नातिकाजी शिवशंकरले बजाएपछि त पारिश्रमिक पनि दिनुपर्छ, भोलिदेखि टेक बेसिसमा बस्नोस् भने । अझ छचल्किएको आँसु भुइँमै टप्किएको थियो । भोलिपल्टदेखि नै तारादेवीले गाएको 'तिमी मेरी छोरी हौ' बोलको गीतमा मेन्डोलिनको धुन बजाएर रेडियो नेपाल प्रवेश गरेको सम्झना मानसपटलमा 'ब्ल्याक एन्ड ह्वाइट' चलचित्रको धमिलो तस्बिर झैं आँखामा छ । त्यसपछिका उनका दर्जनौं गीतमा मेन्डोलिन र गितार बजाएको स्टुडियो रेकर्डिङको पलहरू बिर्सिनसक्नुका छन् । सायद, यी स्रष्टाहरूको मन जित्न नसकेको भए पछिल्ला १० वर्षपछिका दिनमा रेडियो नेपालका लागि लोकसेवा आयोगले लिएको आन्तरिक लिखित परीक्षामा चार/चार पटक प्रथम हुन सकेको सफलताको श्रेय जीवनमा कहिल्यै प्राप्त हुन सक्ने थिएन पनि होला, यो गरिमामय संस्थामा ।

तारादेवी वास्तविक रूपकी स्वरकिन्नरी हुन्, एक अब्बल र युगकी प्रतिनिधि गायिका हुन् । तारा दिदी तिमी भौतिक रूपमा यस धर्तीमा छैनौ तर युग-युगसम्म तिमी संगीतप्रेमीमाझ गुन्जी नै रहने छौ । नेपाली संगीतमा तिम्रा कर्णप्रिय स्वरलहरीहरू जीवन्त बनेर गुन्जिरहने छन् ।

www.rajdhani.com.np का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०७१/०७२ शनिबार ९ माघ २०७२ (Saturday 23 January 2016) राजधानी

# नेपाललाई पहिलो पटक बंगबन्धु गोल्डकप








**राजधानी समाचारदाता/काठमाडौं**

नेपालले पहिलो पटक बंगबन्धु गोल्डकपको उपाधि जितेको छ । बंगलादेशको ढाकामा शुक्रबार साँझ भएको बंगबन्धु गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा बलियो टोली बहराइनको यू-२३ टिमलाई ३-० ले पराजित गर्दै उपाधि चुमेको हो। अन्तिम समयमा बहराइनको ९ र नेपाल १० खेलाडीमा सीमित हुन पुगेको खेलको चौथो मिनेटमा नै नेपालले अग्रता लिएको थियो । नेपालका लागि चर्चित खेलाडी विमल घर्ती मगरले बहराइनका गोलरक्षकले क्लियर गर्न नसकेको बलको सदुपयोग गर्दै गोल गरे ।

खेलको ८१औं मिनेटमा नेपालका सुमन लामा र बहराइनका अलि थावाईलाई रेफ्रीले रातो कार्ड देखाएपछि दुवै टिम १० खेलाडीमा सीमित हुन पुगेको थियो । १० खेलाडीमा सीमित भएको ६ मिनेटपछि नेपालका लागि विशाल राईले अन्ज विष्टको पासमा दोस्रो गोल गरे । त्यसपछि बहराइन आक्रोशित देखिएको थियो ।

शारीरिक रूपमा बलिया रहेका बहराइनका खेलाडी आक्रमक भएपछि नेपालका केही खेलाडी चोटको सिकारसमेत भए । अतिरिक्त समयमा नेपालका लागि नवयुग श्रेष्ठले अर्को गोल गर्दै ३-० को जित दिलाए ।

उनले विमल घर्ती मगरको क्रसमा स्कोर गरेका थिए । अतिरिक्त समयको दोस्रो मिनेटमा विराज महर्जनलाई किक प्रहार गरेपछि बहराइनका अब्दुल अजिज रातो कार्ड खाएर मौदानबाट बाहिरिए । त्यसपछि ३ मिनेट जति बहराइन ९ खेलाडीमा सीमित हुन पुगेको थियो ।

**विजयी जुलुस हुने**

बंगबन्धु गोल्डकप विजेता नेपाली टोलीको शनिबार विजयी जुलुस हुने भएको छ। दिउँसो १ बजे नेपाली टोली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिने छ । त्यसपछि नेपाली विजेता टोलीलाई गौशाला, पुरानो बानेश्वर, सिंहदरबार, न्युरोड, रत्नपार्क, भद्रकाली हुँदै दशरथ रंगशालमा लैजाने कार्यक्रम रहेको छ ।



**उपाधि खडेरी तोडेकामा बधाई**

राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशव कुमार विष्टले लामो समयदेखि उपाधिविहीन यात्रा गरिरहेको नेपाली फुटबल टोली शुक्रबार बंगबन्धु गोल्डकप जितेकामा बधाई दिएका छन् ।

नेपाली खेलाडीलाई यसअघि नै उपाधि जितेको खण्डमा जनही २ लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरिसकेका छन् । 'मेरो छोटो कार्यकालमा नेपाली फुटबलको उपाधिको खडेरी तोड्न सकेकोमा खुसी छु,' सदस्य सचिव विष्टले भने ।

सदस्यसचिवले नाकाबन्दीका कारा कष्टकर बनेको नेपालीलाई खुसी तुल्याएको सफल भएकामा नेपाली फुटबल टोलीलाई बधाई दिएका राखेपका प्रेस सल्लाहकार रोहित दाहालले बताए ।

**एन्फाले जनही ५ लाख पुरस्कार दिने**

अखिल नेपाल फुटबल संघले बंगबन्धु गोल्डकपको उपाधि विजेता नेपाली फुटबल टिमलाई जनही ५ लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरेको छ। टिमका २३ सदस्य, दुई प्रशिक्षक र एक चिकित्सक छन् । नेपाली टोलीका प्रमुख प्रशिक्षकका रूपमा ढाका पुगेको बालगोपाल महर्जन र अर्का प्रशिक्षक उपेन्द्रमान सिंह छन् ।

एन्फाका कार्यबाहक अध्यक्ष नरेन्द्र श्रेष्ठले २३ वर्षपछिको जितमा उत्साहित भएको बताउँदै खेलाडीलाई सम्मान गर्ने घोषणा गरे। यसअघि नै राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशव विष्टले उपाधि जिते नेपाली टिमलाई जनही २ लाख पुरस्कार दिने घोषणा गरिसकेका छन् । यसरी उपाधि विजेता टिमलाई पुरस्कार घोषणा गर्नेको संख्या वृद्धि हुँदै जाने छ ।

**नायक नवयुग**

नेपाली आर्मीका नवयुग श्रेष्ठले बंगबन्धु गोल्डकपको मस्ट भ्यालुएब प्लेयर म्यान अफ दि टुनार्मेन्टको उपाधि चुमे। उनले प्रतियोगिताको नायक बन्दै नेपाललाई उपाधि दिलाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनले सेमिफाइनलमा माल्दिभ्सविरुद्ध ह्याट्रिक गरेका थिए। उनको ह्याट्रिको मद्दतमा नेपालले माल्दिभ्सलाई ४-१ ले हराएको थियो । फाइनलमा उनले बहराइन यू-२३ विरुद्ध १ गोल गरे ।

**फाइनल खेलको म्यान अफ द म्याच विमल**

केही समयअघि काठमाडौंमा भएको यू-१९ साफ फुटबलको उपाधि नेपालले जित्दा विमल घर्ती मगर टोली नेता थिए। यस पटक उनले फाइनल खेलमा उत्कृष्ट खेल्दै नेपाललाई ऐतिहासिक उपाधि दिलाए । उनी फाइनल खेलको म्यान अफ दि म्याच घोषित भए ।

फाइनलमा उनले एक गोल गरे भने अर्को गोल गर्न असिस्ट गरे । उनले बेल्जियमका एन्डरलेच्तलगायतका ३ क्लबमा प्रशिक्षण लिएर आफ्नो प्रतिभालाई निखार्ने काम गरेका छन् ।

## अन्तर्राष्ट्रिय कराँते सुरु

**काठमाडौं/रास-** नेपाल सितोरियो कराँते डो संघ, शाखा डोजो नक्सालको आयोजनामा दोस्रो सगरमाथा अन्तर्राष्ट्रिय कराँते प्रतियोगिता शुक्रबारदेखि नक्सालमा सुरु भएको छ। पहिलो दिन महिलाको ५५ केजीमा सोनिया मोक्तान, रश्मिता श्रेष्ठ, यमुना घर्ती र टीका राई सेमिफाइनलमा पुगे । पुरुषको २० केजीमुनि सुवास परियार, अनिश चन्दौला, फिन्जु शेर्पा र सुशील परियार सेमिफाइनलमा पुगे । २३ केजीमा सुशान्त हुमागाईं, गोमन गिरी, सञ्जीव थापा मगर र आर्यन तामाङले अन्तिम चारको यात्रा तय गरे। सेमिफाइनल पुग्ने सबै खेलाडी नेपालका हुन् । प्रतियोगताको व्यवस्थापिका संसद्‌की सभामुख ओन्सरी घर्ती मगरले एक कार्यक्रमबिच उद्घाटन गरिन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख मगरले राष्ट्रले खेलकुदलाई जति गर्नुपर्ने हो त्यो अपुग भए पनि नेपाली खेलकुदको विकासका लागि भने सरकारले ध्यान दिइरहेको धारणा व्यक्त गरिन्। सभामुख मगरले आफू खेलकुदमन्त्री हुँदा नेपाली खेल क्षेत्रलाई 'स्वस्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ अगाडि बढाएको स्मरण गरिन् ।

## डेनेब सेमीमा

**काठमाडौं/रास-** आयोजक डेनेब एकेडेमी र डिफेन्डिङ च्याम्पियन ओडिसी इन्टरनेसनल स्कुल छैटौं डेनेब कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजतर्फ शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन् । सो दुई टिमसँगै हर्टल्यान्ड र नेरिक एकेडेमी पनि सेमिफाइनलमा पुगे ।

डेनेबले ग्रिनफिल्डलाई २६-२ ले पराजित गऱ्यो । विजेताका सुदर्शन कठायतले ९ अंक जोडे । विशाल राईको ८ अंक सहयोगमा ओडिसीले इनोभेटिभलाई २५-१३ ले हरायो । हर्टल्यान्डले टेरेसा एकेडेमीलाई १८-१४ ले पाखा लगायो । विजेताका सन्दीप तामाङले ६ अंक जोडे। नेरिकले स्टेनियरमाथि २१-३ को सहज जित दर्ता गऱ्यो । नेरिकका असीम भण्डारीले १३ स्कोर गरे । सेमिफाइनलमा डेनेबको भेट हर्टल्यान्डसँग हुने छ भने नेरिकले ओडिसीविरुद्ध खेल्ने छ । सिनियर ब्वाइजमा स्वप्नवाटिका, डिफेन्डिङ च्याम्पियन नेरिक, टेरेसा र डेनेबले सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

स्वप्नवाटिकाले काठमाडौं जेभियरलाई ४२-३८ ले निराश पाऱ्यो। विजयी टिमका लागि राजन श्रेष्ठले १९ अंक योगदान गरे । नेरिकले न्युटनको यात्रा ५०-१० ले सहजै पूर्णबिराम लगायो। नेरिकको जितमा मनोज खत्री एक्लैले २० अंक बटुले । युनिभर्सल विरुद्धको खेलमा टेरेसा ४३-३४ ले विजयी भयो। टेरेसाका दिनेश माझीले १४ अंक जोडे। डेनेबले ज्ञाननिकेतनलाई ५६-३९ ले पन्छायो । डेनेबका अनिल श्रेष्ठले १८ अंक जोडे ।

## आइडियलको जित

**काठमाडौं/रास-** आइडियल इंग्लिस उमाविले छात्राको मैत्रीपूर्ण फुटबलमा शुक्रबार जित हात पारेको छ। आइडियलले एबीसी फुटबल एकेडेमीलाई २-० गोलले पराजित गऱ्यो। विजयी टिमका लागि सुभद्रा खड्का र मुना तामाङले गोल गरे। छात्रा फुटबल हुने गरेको र आगामी दिनमा छात्रा फुटबलको प्रतियोगिता आयोजना गर्ने उद्देश्यले मैत्रीपूर्ण फुटबल आयोजना गरिएको आइडियलका फुटबल प्रशिक्षक मन्जेस शाक्यले जनाएका छन्।

## मेलिनालाई ४ स्वर्ण

**काठमाडौं/रास-** लोयल्टी एकेडेमीको खेलकुद सप्ताहमा मेलिना बरालले शुक्रबार ४ स्वर्ण जितेकी छन् । मेलिनाले लङजम्प, मेथमेटिकल्स रेस, १ सय मिटर दौड र २ सय मिटर दौडमा स्वर्ण जितिन्। खेलकुद सप्ताहको अन्तिम दिन छात्र फुटबलको उपाधि ग्रिन हाउसले जित्यो ।

ग्रिन हाउसले फाइनलमा ब्लु हाउसलाई ४-२ गोलले हरायो। ५० मिटर दौडको जुनियर छात्रामा रेड हाउसकी रोसिना प्रसाईं तथा छात्रमा रेड हाउसका सचिन घिमिरेले स्वर्ण जिते। सिनियर ब्वाइजको १ सय मिटर दौडमा श्रजल लामा पहिलो बने। त्यस्तै अभिभावकको १ सय मिटर दौड, म्युजिकल चेयर, सार्प मेमोरी र टग अफ वार पनि भएको थियो। विजेतालाई काठमाडौं प्याब्सनका अध्यक्ष थकिनकुमार गुरुङ, लोयल्टीका संस्थापक अध्यक्ष विजय सम्बाहाङफेलगायतले पुरस्कृत गरे ।

## अन्तरकलेज फुटबल हुने

**काठमाडौं/रास-** सानो गौचरण युथ क्लबको आयोजनामा प्रथम सानो गौचरण अन्तरकलेज नकआउट फुटबल प्रतियोगिता माघ १७ गतेदेखि हुने भएको छ। प्रतियोगितामा ३२ टिमको सहभागिता अपेक्षा गरिएको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा आयोजकका सदस्य एवं प्रतियोगिता संयोजक प्रज्वल क्षेत्रीले जानकारी गराए । विजेतालाई ३० हजार र उपविजेतालाई १८ हजार नगद पुरस्कार प्रदान गरिने छ । त्यस्तै विभिन्न पाँच व्यक्तिगत विधाका उत्कृष्टलाई पनि पुरस्कृत गरिने छ । प्रतियोगिताका खेल सानो गौचरणस्थित मैदानमा हुनेछ ।

## भानुभक्तलाई उपाधि

**काठमाडौं/रास-** आयोजक भानुभक्त र अक्सिडेन्टल पब्लिक स्कुलले उमेर समूह अन्तर विद्यालय फुटबल प्रतियोगिताको उपाधि जितेको छ। बाँसबारी क्लबमा भएको यू-१० ब्वाइजको फाइनल खेलमा भानुभक्तले अक्सिडेन्टललाई १-० गोलले हरायो। भानुभक्तका लागि एक मात्र निर्णायक गोल बिसाङ राणाले गरेका थिए ।

बास्केटबल प्रतियोगितामा उपाधि जितेका छन् । भानुभक्त मेमोरियल उच्च माध्यामिक विद्यालयको स्वर्ण महोत्सवमा आयोजित साप्ताहिक खेलकुदअन्तरगत भएको यू-१२ ब्वाइजको अन्तर विद्यालय फुटबलको उपाधि अक्सिडेन्टले जितेको छ । उसले आयोजक भानुभक्त स्कुललाई १-० गोलले हरायो । अक्सिडेन्टलका सुरज सुनुवारले निर्णायक गोल गरेका थिए। महोत्सवको अन्तिम दिन शनिबार अन्तर विद्यालय बास्केटबल अन्तर्गत यू-१६ ब्वाइजको एलआरआई र आइडलमोडल बिचको फाइनल खेल हुने प्रशिक्षक रविन पोखरेलले जनाएका छन्। सामापनका अवसरमा पूर्वविद्यार्थी शिक्षकबिचको मैत्रीपूर्ण फुटबल खेल हुने छ ।

# पुलिस पहिलो चरणमै पराजित

**विजय नेपाल/पोखरा**




पोखरा रंगशालामा एकताका सर्वाधिक सफल नेपाल पुलिस क्लब जारी १४औं आहा रारा गोल्डकपमा पहिलो चरणबाटै बिदा लिएको छ। शुक्रबार रमपम झापा-११ ले विभागीय टोली पुलिसलाई शून्यका विरुद्ध २ गोलअन्तले पराजित गरेको हो । पुलिस क्याराभानसहित पाँच पटकको उपाधि विजेता हो ।

उदाउँदो रमपम झापा-११ ले पुलिसको चुनौती पन्छाउन खेल सुरुआतमै अग्रता लिएको थियो । उसका लागि पहिलो गोल कर्ण लिम्बूले र दोस्रो बुद्धराज लिम्बूले गरेका थिए । खेलको ४ मिनेटमा कर्ण लिम्बूले पाएको पेनाल्टी अवसर कत्ति पनि गल्ती नगरी सदुपयोग गरेका हुन्। पुलिसका विशाल श्रेष्ठले बुद्धलाई डी एरियामा लडाएपछि रेफ्री सुदेश पाण्डेले झापालाई पेनाल्टीको अवसर दिएका हुन् ।

१ गोलले पछि परेपछि पुलिसले बराबरी गर्ने प्रयासमा रह्यो। यद्यपि खेलको ३७ मिनेटमा म्यान अफ दि म्याच बुद्धराज लिम्बूले झापाका लागि गोलअन्तर दोब्बर बनाए । झन्डै २९ यार्ड टाढाबाट उनले प्रहार गरेको बल दोस्रो बार च्याप्दै विपक्षीको गोलपोस्टको जाली चुम्न पुगेको हो ।

पहिलो हाफमै २-० को गोलअन्तर कायम गरेको झापाले खेल समाप्तिसम्म सो अन्तर कायम राखेपछि क्वार्टरफाइनल अवसर सुनिश्चित गऱ्यो। झापाले आगामी १२ माघमा पाहुना टोली रहमदगन्ज एमएफ सोसाइटी बंगलादेशसँग अन्तिम ४ का लागि खेल्ने छ ।

पुलिसलाई झापा-११ ले राष्ट्रिय लिगमा समेत दुई खेलमा हराएको थियो । प्रशिक्षक विराटकृष्ण श्रेष्ठले आफूहरूको टिमले राम्रो खेल्दाखेल्दै विपक्षीको सुरुमै गोल हुनु र आफूहरूको फिनिसिङ हुन नसक्दा पराजित हुनुपरेको बताए। उनले भने आफ्नो टिम केही समययता खस्केको स्वीकारे। पुलिसले क्याराभानसहित पहिलो, छैटौं, सातौं, आठौं आहा गोल्डकपमा उपाधि जिते पनि त्यसयता यहाँ उपाधिबाट वञ्चित छ। अघिल्लो संस्करणमा ऊ पहिलो सेमिफाइनलमा थ्रिस्टारसँग पराजित हुँदै फाइनल पुग्नबाट वञ्चित बनेको थियो ।

झापा-११ का प्रशिक्षक भगीरथ आलेले पुलिस विरुद्धको खेलमा डिफेन्समा ५ खेलाडी राखेर खेलेको कारणले गर्दा जित सम्भव भएको बताए । विशाल राई अर्को खेलमा सहभागी हुने बताउँदै उनले खेलमा अझ राम्रो खेल प्रदर्शन गर्ने बताए ।

पुलिसका लागि खेलको ३२ मिनेटमा पाएको सुनौलो मौका गुम्न पुगेको थियो । अजित भण्डारीको पास बल डी बक्सभित्र रहेका भरत साहले गोल गर्ने राम्रो अवसरलाई सदुपयोग गर्न सकेनन्। जारी आहा रारा गोल्डकपमा शनिबारदेखि अन्तिम ४ का लागि खेल हुने छ ।

शनिबारको खेल आयोजक सहारा क्लब पोखरा र युनाइटेड सिक्किम एफसी भारतबिच पहिलो क्वार्टरफाइनल खेल हुने आयोजक सहारा क्लबका महासचिव केशवराज बरालले जानकारी दिए ।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आशिष शेरचन, सम्पादक : राजन शर्मा